का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ भदौ २०८१,
मंगलबार
20 August, 2024
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक १८९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सिन्धुपाल्चोकलाई सधैं पहिरोको पिर

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

बाढीपहिरो र भूकम्पका घटनाबाट आक्रान्त जिल्ला हो - सिन्धुपाल्चोक । पछिल्लो दशकका हरेक वर्षा मनसुनको समयमा कुनै न कुनै प्राकृतिक विपद्ले सिन्धुपाल्चोकका नागरिक त्रसित हुने गरेका छन् ।

यस वर्षका मनसुनमा पनि सुख्खा पहिरोले सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल क्षेत्रमा त्रासदी बढाएको छ ।

थाङपाल ७ स्थित तिपेनी क्षेत्रीय अस्पतालको माथिल्लो भागमा सुख्खा पहिरो गएको हो । प्रहरीका अनुसार सुख्खा पहिरोले इन्द्रावती नदी आंशिक रुपमा थुनिएको छ ।

पहिरो जाँदा ढुंगा माटोसहितको गेग्रान नदीमा खस्दा आंशिक थुनिएको हो ।

नदी आंशिक रुपमा थुनिँदा मेलम्ची, तिपेनी लगायत तटीय क्षेत्रका नागरिकहरू त्रसित भएका छन् । गएराति देखि आएको पहिरोका कारण इन्द्रावती नदीको बहाव रोक्न सक्ने भन्दै तिपेनी बजार र इन्द्रावती नदी किनारका नागरिकहरू त्रसित भएका हुन् ।

जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका एसपी सन्तोष खड्काका अनुसार, फेरि पहिरो गयो भने नदीको वहावमा अवरोध हुन सक्छ । त्यस्तोमा गाउँ वस्तीतिर समस्या गर्छ कि त्रास छ । यस्ता खतराको सम्भावना रहेकाले नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोली स्ट्याण्ड बाई रहेको बताइएको छ ।

पहिरो गएपछि जोखिममा रहेका स्थानीय तथा अस्पतालका सामग्रीहरु सुरक्षित स्थानमा सार्न सेनाको इन्द्रध्वज गणबाट फौज खटिएको छ । जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकले विज्ञप्ति जारी निकालेर खोलामा एक्कासी बाढी आउन सक्ने जोखिम भएको सर्तक रहन भनेको छ ।

पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ७, ८ तथा मेलम्ची नगरपालिका वडा नं. ७, ९, ११, १२, १३ र इन्द्रावती गाउँपालिका १०, ११ र १२ लगायतका तटिय >>> पृष्ठ २ मा

२०७२ सालमा सिन्धुपाल्चोकमा भूकम्पका कारण सर्वाधिक धनजन क्षति भएको थियो । त्यसयता हरेक वर्षजसो सिन्धुपाल्चोकमा पहिरो गएकाले भूकम्पकै असर रहेको अनुमान विज्ञहरुले गर्दै आएका छन् ।






# मोदीसँग आरजुको भेटवार्ता

भारतीय विदेशमन्त्री जयशंकरको निमन्त्रणामा भारत भ्रमणमा रहेकी परराष्ट्रमन्त्री आरजु राणा देउवाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरेकी छन् । यसबाट ऐतिहासिक सम्बन्ध थप उचाइमा पुग्ने अपेक्षा लिएको परराष्ट्रमन्त्री राणाले बताएकी छन् ।

भेटवार्ताका क्रममा नेपाल भारत सम्बन्ध र यसको बहुआयामिक विविधताका विषयमा कुराकानी भयो । नेपालको परराष्ट्रमन्त्रीका रुपमा मेरो यो भ्रमण र उच्चस्तरीय भेटवार्ताबाट नेपाल र भारतबीचको ऐतिहासिक सम्बन्ध थप उचाइमा पुग्ने अपेक्षा मैले गरेको छु ।

**डा. आरजु राणा देउवा**
**परराष्ट्रमन्त्री**



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ भदौ ।

भारत भ्रमणमा रहेकी नेपालकी परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरेकी छन् । राणाले सोमबार नयाँ दिल्लीस्थित हैदरवाद हाउसमा शिष्टचार भेटवार्ता भएको हो । भेटवार्तामा परराष्ट्र मन्त्री आरजु राणा देउवाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्तो दिएकी छन । उनले प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट मोदीलाई नेपाल भ्रमणको निम्तो दिएकी हुन् । प्रधानमन्त्री ओलीले मोदीलाई नेपाल भ्रमणका लागि लिखित निमन्त्रणा पठाएका थिए । आइतबार भारत गएकी परराष्ट्रमन्त्री राणाले सोमबार दिउँसो भारतीय समकक्षी एस जयशंकरबीच भेटवार्ता गरेकी थिइन् । भारतीय विदेश मन्त्री जयशंकरको निमन्त्रणामा भारत भ्रमणमा गएकी परराष्ट्र मन्त्री राणाले साँझ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारमा रहेका कामदार शेयर बजारमा हौसिँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ भदौ

तुफानी बेगमा उर्लिरहेको नेपाली शेयर बजारमा वैदेशिक रोजगारीमा रहेका नेपाली कामदार हरूले ठूलो लगानी खन्याएका छन् । सरकारले वैदेशिक रोजगारीमा रहेका कामदारलाई नेपाली पब्लिक कम्पनीको आईपीओमा प्राथमिकताका आधारमा अवसर दिएपछि अधिकांश नेपाली कामदार शेयर बजारमा जोडिएका छन् ।

उनीहरूमध्ये अधिकांश दोस्रो बजारको कारोबारमा सक्रिय रहेको शेयर बजारका विश्लेषक सन्दीप चौधरी बताउँछन् । दक्षिण कोरियामा रहेका नेपाली कामदारका लागि निरन्तर अनलाइनमार्फत प्राविधिक तालिक सञ्चालन गरिरहेका चौधरीले उनीहरूले ठूलो भोलुम अर्थात दैनिक ठूलो रकमको कारोबार गरिरहेको जानकारी दिए ।

दक्षिण कोरियासहित युरोपेली मुलुकहरू र अमेरिकामा बस्ने नेपालीहरू पनि नेपाली शेयर बजारमा लगानी गर्न सक्रिय रहेको



चौधरी बताउँछन् । कतिपयले आफ्नो तथा कतिपयले आफन्तको नाममा डिम्याट खाता सञ्चालन गरिरहेको पनि चौधरीले बताए । उनले विदेशी शेयर बजारमा मन्दी आउँदा नेपाली शेयर बजारमा सकारात्मक प्रभाव पर्ने र धेरै लगानी आउने गरेको बताए । आफू रहे-बसेको मुलुकको शेयर बजार वियरिस वा मन्दीको अवस्था हुँदा उनीहरूले नेपाली शेयर बजारमा लगानी बढाउने गरेको अनुभवीहरू बताउँछन् ।

निरन्तर सिधा अर्थात भर्टिकलरूपमा बढेको नेपाली शेयर बजारमा हालको नेप्से परिसूचक वृद्धि तथा यथावत रहेको अवस्थामा वैदेशिक रोजगारमा रहेका कामदारको थप लगानी भित्रिन सक्ने पनि प्राविधिक विश्लेषक चौधरी बताउँछन् ।

शेयर बजारमा लगानी भित्रिँदा नेपाल आउने रेमिट्यान्स पनि औपचारिक च्यानलबाट आउने गर्दछ । नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८०/८१ मा करिब साढे १४ खर्ब रेमिट्यान्स भित्रिएको छ । यो रकममध्ये ठूलो हिस्सा विदेशबाटै शेयर बजारमा लगानी भएको अनुमान छ । हालसम्म ५६ लाख बढी नेपाली विदेशमा रहेका छन् । एक वर्षको अवधिमा ७ लाख ३१ हजारभन्दा बढी नेपाली गएका छन् ।

पछिल्ला केही दिनमा नेप्से परिसूचक र कारोबार रकमले दैनिकजसो नै रेकर्ड बनाउँदै आउनुमा वैदेशिक रोजगारमा रहेका कामदारहरूको योगदान उच्च रहेको बताइएको छ । दोस्रो बजारमा कारोबार गर्ने कतिपय कामदारले शेयर बजारको जोखिम आंकलन गर्न नसक्दा दीर्घकालीन लगानीकर्तामा परिणत हुने जोखिममा पर्ने विश्लेषकहरू बताउँछन् ।

# अघिल्लो सरकारको शिक्षा नीति उल्ट्याउँदै सरकार



शिक्षकहरूको विद्यालयमा मात्र होइन, बाहिर पनि काम हुन्छ, सामाजिक उत्तरदायित्व हुन्छ, घरमा पनि उत्तरदायित्व छ । त्यसकारण नबुझ्ने मान्छेले सामाजिक उत्तरदायित्व बुझ्दैन र राजनीति गरेको आरोप लगाउँछन् ।

**केपी शर्मा ओली**
**प्रधानमन्त्री**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ भदौ ।

अघिल्लो सरकारको कतिपय शिक्षा नीति वर्तमान सरकारले उल्ट्याउन लागेको छ।शिक्षा मन्त्रालयका अधिकारीहरूका अनुसार शिक्षकको दलीय आवद्धता, शिक्षक सरुवा मापदण्ड लगायतका विषयमा पूर्व शिक्षामन्त्री सुमना श्रेष्ठले गरेका कतिपय निर्णय वर्तमान शिक्षामन्त्री विद्या भट्टराईले केही उल्ट्याउने, केहीमा संशोधन गर्ने र केही लागू नगर्ने प्रक्रिया अगाडि बढाएकी छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले नै अघिल्लो सरकारले शिक्षा क्षेत्रमा गरेका कतिपय निर्णयको सार्वजनिक रुपमा आलोचना गरेका छन् ।

यस अघि शिक्षामन्त्री रहेकी श्रेष्ठले शिक्षकको दलीय आवद्धता, शिक्षक सरुवा मापदण्ड लगायतका विषयमा फरक ढंगले निर्णय लिएकी थिइन् । शिक्षकले दलीय आवद्धता त्याग्नुपर्ने विषयले संसदमा बहसको सिर्जना गराएको थियो ।

गत शनिबार काठमाडौंमा नेपाल राष्ट्रिय शिक्षक संगठनको २३ औं राष्ट्रिय परिषद् बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यसअघि शिक्षा मन्त्री भएकाले राजनीतिलाई जोडेर शिक्षकहरुमाथि एकतर्फी ढंगले दमनचक्र चलाउने काम गरेको टिप्पणी गरेका हुन् ।

प्रधानमन्त्री ओलीले यसअघिका >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
४ भदौ २०८१, मंगलबार
20 August 2024, Tuesday

# ‘शान्ति प्रक्रियालाई चाँडै निष्कर्षमा पुऱ्याउँछौं’




**काठमाडौं/मस-** गृहमन्त्री रमेश लेखकले विगत १८ वर्षदेखि थाती रहेको शान्तिप्रक्रिया निष्कर्षमा पुऱ्याउन वर्तमान सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

‘चौपातो नेपाल’द्वारा सोमबार कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा आयोजित विशिष्ट प्रतिभा सम्मान तथा बृहत् सांगीतिक काव्य गोष्ठीलाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले शान्तिप्रक्रिया अन्तिम चरणमा पुगेको बताए ।

मुलुकका प्रमुख दुई राजनीतिक दल मिलेर बनेको वर्तमान सरकार देशमा दिगो शान्ति र सुशासन कायम गरी जनतामा देखिएको निराशा चिर्न सफल हुने विश्वास व्यक्त गरे ।

‘राजनीतिक अस्थिरताले उत्पन्न निराशालाई आशामा बदल्न नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समीकरण बनेको हो’, उनले भने । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी चरित्रको राज्य निर्माण गर्ने काम भए पनि राजनीतिक स्थिरता दिन नसक्दा निराशा बढेको गृहमन्त्री लेखकको भनाइ थियो ।

‘सरकार निर्माणका क्रममा विभिन्न राजनीतिक दल सम्मिलित समीकरण बन्ने र भत्किने क्रम चल्यो । सरकारको अस्थिरताको सबै क्षेत्रमा प्रभाव पर्न थाल्यो । विधिको शासन सुनिश्चित गर्न वर्तमान सरकार गठन गर्न आवश्यक भयो,’ उनले भने ।

शिथिल भएको अर्थतन्त्रलाई गतिशील बनाउन, विकास निर्माणका काम द्रुतगतिमा अगाडि बढाउन, सुशासन स्थापित गर्न, शान्ति कामय गर्न र रोजगारी सिर्जना गर्न वर्तमान सरकार बनेको गृहमन्त्री लेखकले स्पष्ट पारे ।

# गाईजात्रा पर्व मनाइँदै



**काठमाडौं/मस-**प्रत्येक वर्ष भाद्र कृष्ण प्रतिपदादेखि अष्टमीसम्म आठदिन मनाइने परम्परागत सांस्कृतिक पर्व ‘गाईजात्रा’ आज विभिन्न कार्यक्रमको आयोजना गरी देशभर आरम्भ गरिँदैछ।

एक वर्षभित्र दिवगंत भएका आफन्तको सम्झनामा आजका दिन गाई वा मानिसलाई गाईका रूपमा सिँगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान दिने चलन छ । यसरी नगरपरिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्तिहरू गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वास छ ।

राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी आफ्नी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन ‘जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू’ भनी आज्ञा दिएका आधारमा यो पर्व सुरु भएको ऐतिहासिक तथ्य छ । यसबाट पनि रानीको मन शान्त हुन नसकेकाले विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम समेत गराउने आदेश दिएअनुरूप हास्यव्यङ्ग्यको प्रचलन चलेको हो भन्ने जनश्रुति पाइन्छ ।

प्रताप मल्लको पालादेखि प्रचलनमा आएको गाईजात्रा हनुमानढोकास्थित राजप्रासाद (राजदरबार) भएर जानुपर्ने प्रथा अहिलेसम्म पनि कायमै छ । देशका विभिन्न स्थानमा गाईजात्रा मनाइने भएपनि उपत्यकामा यसको विशेष रौनक देखिने गर्छ ।

भाद्र कृष्ण अष्टमीका दिनसम्म मनाइने यस पर्वका क्रममा प्रहसन, सामाजिक विकृतिप्रति व्यङ्ग्यात्मक प्रदर्शन, नाचगान तथा मृत व्यक्तिको सम्झनामा रामायणको करुण रसका गीतहरू पनि गाइन्छ ।

**विकृतिविरुद्ध हास्यव्यंङ्ग्यका रुपमा गाईजात्रा**

पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य गरेको भन्दै विसं २०१७ पुस १ गतेको शाही ‘कू’पछि गाईजात्रामा पनि प्रतिबन्ध लागेको थियो । विसं २०३३ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले महोत्सवका रुपमा झाँकी र हास्यव्यङ्ग् यसहित गाईजात्रा फेरि मनाउन थालेको हो ।

हास्यव्यङ्ग्यले बुझ पचाएर जथाभावी गर्नेलाई सचेत गराउने र अनर्थकतामा सार्थकता झल्काउँछ । जात्राका क्रममा पाटनमा देखाइने सत्य युगको धान, चामलको नमुना र काठमाडौँको ठमेलमा देखाइने स्वर्ण तथा रजताक्षरमा लेखिएका पुस्तक विशेष दर्शनीय मानिन्छन् ।

आजभोलि गाईजात्राका अवसरमा समाजमा विद्यमान विकृति र विसङ्गति उजागर गरिन्छ । सार्वजनिकरूपमा मनोरञ्जनात्मक तथा व्यङ्ग्यात्मक ढङ्गले विविध कार्यक्रमको आयोजना समेत हुन्छ । पत्रपत्रिकामा पनि सामाजिक कुरीतिलाई समेटेर हास्यव्यङ्ग्य अङ्क प्रकाशित गरिन्छ ।

गाईजात्रा पर्व काठमाडौं उपत्यकालगायत बनेपा, धुलिखेल, पनौती, बाहबीसे, त्रिशूली, दोलखा, खोटाङ, भोजपुर, चैनपुर, इलाम, धरान, विराटनगर, वीरगञ्ज, हेटौँडा र पोखरालगायतमा नेवार समुदायका मानिसको विशेष उपस्थिति रहेकासहरमा धुमधामका साथ मनाइन्छ । यस अवसरमा हास्य कलाकारले पनि विशेष कार्यक्रमको आयोजना गर्ने गरेका छन् । सरकारले आज काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिएको छ ।

# जलसतह मापकहरूको पारिश्रमिक बढाउन माग



**कैलाली/मस-**सुदूरपश्चिम प्रदेशमा कार्यरत जलसतह मापक (गेज रिडर)को पारिश्रमिक बढाउन माग गरिएको छ । विश्व मानवीय दिवसका अवसरमा गैरसरकारी संस्था महासंघ नेपाल प्रदेश समितिले सोमबार धनगढीमा आयोजना गरेको एक कार्यक्रममा सरोकार भएकाहरूले हाल दैनिक रु दुई सय ज्याला दिने गरिएकामा सो रकम बढाउन माग गरेका हुन् ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हीरा सार्कीले अत्यन्त न्यून ज्याला दिने गरिएकाले सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकअनुरूप समायोजन हुनुपर्ने बताए ।

पारिश्रमिक बढाउने सवालमा आफ्नोतर्फबाट पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । जलसतह मापकको जोखिम बीमा गर्नका लागि प्रदेशसभामा छलफल चलाइएकाले चाँडो निकास निस्किने विश्वास व्यक्त गरे । कार्यक्रममा पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य अक्कलबहादुर रावलले जलसतह मापकले गरेका माग जायज भएकाले निर्णय प्रक्रियामा लैजानुपर्ने आवश्यकता औंल्याए ।

प्रदेशसभा सदस्य धर्मराज पाठकले प्रदेशमा विपद्बाट हुने क्षति न्यूनीकरणका लागि विशेष पहल आवश्यक रहेकामा जोड दिए ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गतको महाकाली बेसिन कार्यालयका प्रमुख सञ्जय साहले मापकको पारिश्रमिक बढाउनका लागि आफूले विभागको हरेक समीक्षा बैठकमा आवाज उठाउँदै आएको बताए ।

सुदूरपश्चिमका विभिन्न नदीमा गरी हाल ३१ जना जलसतह मापक कार्यरत रहेका उनले जानकारी दिए ।

गैरसरकारी संस्था महासंघका प्रदेश समितिका अध्यक्ष देवीप्रसाद खनालले सरकार आफैंले न्यूनतम पारिश्रमिक निर्धारण गरे पनि त्यसलाई कार्यान्वयन नगर्नु राम्रो नभएको बताए । जलसतह मापक मानबहादुर चौधरीले आफूहरूले धेरैको ज्यान बचाउने काम गर्दै आएपनि न्यूनपारिश्रमिकका कारण दैनिक गुजारा टार्न समस्या भएको गुनासो गरे ।

यसैबीच, जलसतह मापकहरूले पारिश्रमिक वृद्धि, आवश्यक सेवासुविधा तथा सुरक्षासम्बन्धी सामग्री, स्वास्थ्य बीमा, जीवन बीमा, दुर्घटना बीमालगायतको माग गर्दै आन्तरिक मामिला तथा कानुनमन्त्री सार्कीलाई मागपत्र बुझाएका छन् ।

# पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी



**ललितपुर/मस-**विश्व फोटोग्राफी दिवसका अवसरमा पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी गरेको छ । एक सय ८५औं विश्व फोटोग्राफी दिवसका अवसरमा सोमबार राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपिजे)ले पाटन दरबार क्षेत्रमा फोटो प्रदर्शनी आयोजना गरेको हो ।

‘जब हिमाल मुस्कुराउँछ’ नाराका साथ गरिएको फोटो प्रदर्शनीमा नेपालका फोटो पत्रकारहरुले विभिन्न समयमा कैद गरेका हिमशृङ्खलाका ५० भन्दा बढी तस्बिरहरु राखिएका छन् ।

प्रदर्शनीको उद्घाटन गर्दै ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले यस्ता प्रदर्शनीले फोटोग्राफरहरुको क्षमता प्रस्फुटनमा ऊर्जा थप्ने बताए ।

प्राकृतिक मनोरम दृश्यले पर्यटकको आकर्षक बढाउने हुँदा यस्ता प्रदर्शनीले पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उनको विश्वास छ । उनले जलवायु परिवर्तनको असरले हिमालमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न काम गर्नुपर्ने सन्देश तस्वीर मार्फत् देखाएको बताए । हरेक वर्षको अगस्त १९ तारिखलाई विश्व फोटोग्राफी दिवसको रुपमा संसारभरका फोटोग्राफहरुले उत्सवका रूपमा मनाउँदै आएका छन् ।

नेपालमा सन् १९९७ मा राष्ट्रिय फोटो पत्रकार समूहको स्थापना भएसँगै प्रत्येक वर्ष विश्व फोटोग्राफी दिवस मनाइँदै आएको छ । फोटोग्राफीको इतिहास बुझाउन, अग्रज फोटोकारको सम्मान र अनुजलाई प्रोत्साहन गर्ने उद्देश्यले यो दिवस मनाउने गरिएको छ ।

विश्व फोटोग्राफी दिवसको सन्दर्भ पारेर विश्वमा जलवायुको असरका कारण परेको असर र त्यसका कारण हाम्रा हिमालहरु पग्लिँदै गइरहेको अवस्थालाई दृष्टिगत राख्दै हिमाल बचाउ अभियानलाई सार्थकता दिन प्रदर्शनी आयोजना गरिएको समूहका अध्यक्ष प्रदीपराज वन्तले जानकारी दिए ।

# दिगम्बर जैन मन्दिर काठमाडौंको अध्यक्षमा सुभाष जैन



**काठमाडौं/मस-** श्री १००८ आदिनाथ दिगम्बर जैन मन्दिर काठमाडौंको अध्यक्षमा सामुहिक जिनेन्द्र आराधना संस्था नेपाल शाखाका अध्यक्ष सुभाष जैन सेठी सर्वसम्मत चयन भएका छन् । उनी भारत राजस्थान सिकर जिल्ला खुड निवासी हुन् । सामाजिक तथा धार्मिक प्रवृत्तिका सेठी नेपाल तथा भारतका विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थासँग आवद्ध रहेका छन् ।

मारवाडी समाजका सक्रिय समाजसेवी उनलाई काठमाडौंमा भएको एक कार्यक्रमकाबीच दिगम्बर जैन मन्दिरको अध्यक्षमा निर्विरोध अध्यक्ष पदामा मनोनित गरिएको हो । कार्यक्रममा उनलाई नेपाल तथा भारतका विभिन्न विशिष्ट व्यक्तिहरुले सफल कार्यकालका लागि बधाइ तथा सफलताको कामना गरेका थिए ।

# सडक स्तरोन्नति नहुँदा सास्ती



**सप्तरी/मस-** लामो समयदेखि राजविराज-छिन्नमस्ता सडकको स्तरोन्नति नहुँदा वर्षामा आवतजावत गर्नमा समस्या भइरहेको छ ।

सप्तरीको धार्मिकस्थलका रुपमा परिचित छिन्नमस्ता भगवती मन्दिरसम्म पुग्ने खण्डका विभिन्न स्थानमा खाल्डाखुल्डी र पानी जम्ने समस्याले आवागमनमा सास्ती भएको हो ।

राजविराज-छिन्नमस्ता खण्डअन्तर्गत जिल्लाको विष्णुपुर गाउँपालिकाको नहर चोकको बीचमा पोखरी जस्तैगरि सडक जीर्ण हुँदा मन्दिरसम्म पुग्ने स्थानीय तथा भक्तजनले सास्ती खेपिरहेका छन् । दुई वर्षदेखि निर्माणाधीन उक्त सडक भत्केर जीर्ण बनेपछि सम्बन्धित निकायले यथाशीघ्र मर्मत तथा स्तारोन्नति गर्नुपर्ने राजविराज-१६ बोरीयाँका नरेन्द्र यादवले बताए । सरोकार भएका निकाय समस्या समाधानतर्फ केन्द्रित नभएको उनले गुनासो गरे ।

सोही खण्डअन्तर्गत कोचाबखारी तथा खुदीबखारीमा पनि सडक पानीको कटानबाट क्षति हुँदा सवारीसाधन तथा पैदल यात्रामा सास्ती हुने गरेको स्थानीय बताउँछन् । छिन्नमस्ता मन्दिरसम्म सवारीसाधनबाट यात्रीलाई बीचबीचमा ओराल्ने र चढाउने गर्दै आएको सवारी चालक राजेन्द्र मण्डलले बताए । यस क्षेत्रमा दुर्घटनाको जोखिम बढ्दै गएको उनको भनाइ छ । ठाउँठाउँमा खाल्डो हुनुका साथै पानी जमेर पोखरी बनेपछि थप समस्या भइरहेको मण्डलले उल्लेख गरे ।

राजविराजबाट दक्षिणतर्फ १२ किलोमिटर दूरी पार गरेपछि छिन्नमस्ता मन्दिर पुग्न सकिन्छ । यहाँ पुग्ने सडक जीर्ण हुँदा भक्तजनको आगमन घटेको मन्दिरका पिठाधिस महाकान्त ठाकुरले बताए । उनले दसैंको बेला यहाँ भक्तजनको घुइँचो लाग्ने भएकाले यथाशीघ्र सडक मर्मत तथा स्तरोन्नति गर्न सरोकार भएकालाई आग्रह गरे ।

भारतीय दर्शनार्थी पनि यहाँ आउने गरेकाले सडक मर्मत गरी आवागमन सहज बनाउनुपर्ने मन्दिर व्यवस्थापन समितिको भनाइ छ । सडक बिग्रेकाले १२ किमी यात्रा गर्न करिब दुई घण्टा लाग्ने गरेको दशनार्थी बताउँछन ।

छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीसहितको टोलीले उक्त खण्ड मर्मतको माग गर्दै गत असार ३० गते लहानस्थित सडक डिभिजन कार्यालयमा धर्ना बसेका थिए । यथाशीघ्र सडक निर्माणको माग गर्दै धर्ना बसेको बताउँदै सडक डिभिजन कार्यालयले वर्षापछि काम थाल्ने जनाएको उनले उल्लेख गरे ।

## सिन्धुपाल्चोकलाई

क्षेत्रमा बसोबास गर्ने स्थानीयलाई उच्च सतर्कता अपनाउन भनिएको छ ।

अझै पनि सुख्खा पहिरो झरिरहेकाले के हुन्छ भन्न सक्ने अवस्था नभएको बताइएको छ ।

पहिरोका कारण पाँच पोखरी प्राथमिक अस्पताल उच्च जोखिममा रहेको छ । खोला थुनिएमा तिपेनी बजार, हाइड्रोपावर, मेलम्ची बजार लगायतको नदी तटीय क्षेत्रमा प्रत्यक्ष असर गर्नेछ ।

मौसमविदहरुका अनुसार पहाडी भूभागमा पहिरो गएर सुनकोसी, इन्द्रावती, मेलम्ची, भोटेकोसी र ठाडा खोलानालामा जुनसुकै बेला बाढी आउन सक्छ । २०७२ सालमा सिन्धुपाल्चोकमा भूकम्पका कारण सर्वाधिक धनजन क्षति भएको थियो । विज्ञहरूले त्यतिबेलै जोखिमयुक्त स्थान पहिचान गर्नुपर्ने सुझाव दिएका थिए । भूकम्पका बेला जिल्लाको हिमाली भेगका डाँडामा जताततै पहिरो गएको थियो । जताततै जमिनमा धाँजा फाटेकाले वर्षामा तिनै स्थानमा पानी पसेर पहिरो गएको अनुमान कतिपयले गर्दै आएका छन् ।

२०७२ पछि लगातार सिन्धुपाल्चोकमा पहिरो गएकाले भूकम्पकै असर रहेको अनुमान विज्ञहरूले गर्दै आएका छन् ।

## मोदीसँग...

गरेकी हुन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको नयाँ दिल्लीमा भएको शिष्टाचार भेटको तस्विर राणाले सामाजिक संजालमा राखेकी छन् । उनले लेखेकी छन्, ‘भेटवार्ताका क्रममा नेपाल भारत सम्बन्ध र यसको बहुआयामिक विविधताका विषयमा कुराकानी भयो । नेपालको परराष्ट्रमन्त्रीका रुपमा मेरो यो भ्रमण र उच्चस्तरीय भेटवार्ताबाट नेपाल र भारतबीचको ऐतिहासिक सम्बन्ध थप उचाइमा पुग्ने अपेक्षा मैले गरेको छु ।’

वार्ताका क्रममा देशको आपसी हित, सहकार्य तथा थप सम्बन्ध विस्तारका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

परराष्ट्रमन्त्री राणाको सम्मानमा कार्यवाहक राजदूत थापाले आइतबार बेलुकी नेपाली दूतावास बाह्रखम्बामा रात्रिभोज समेत आयोजना गरेका थिए ।

## अघिल्लो...

शिक्षामन्त्री सुमना श्रेष्ठमाथि लक्षित गर्दै नेपालको राजनीतिक इतिहासमा शिक्षकको भूमिकालाई नबुझ्नेकाहरुले शिक्षकहरुमाथि दमन गर्ने काम गरेको बताए ।

शिक्षा मन्त्रीमा रहँदा श्रेष्ठले शिक्षकहरुलाई दलीय आवद्धता त्याग्न भनेकी थिइन् । त्यसपछि ८ सय २५ शिक्षकले राजीनामा दिएका थिए । प्रधानमन्त्री ओलीले यसप्रति समेत असन्तुष्टि जनाएका छन् । शिक्षकले विद्यालय मात्र नभई बाहिर पनि काम गर्नुपर्ने भन्दै प्रधानमन्त्री ओलीले यसलाई नबुझेर राजनीति गरेको भन्ने टिप्पणी गर्ने गरेको बताएका हुन् ।

प्रधानमन्त्री ओलीले भनेका थिए, ‘तपाईंहरुको विद्यालयमा मात्र होइन, बाहिर पनि काम हुन्छ, सामाजिक उत्तरदायित्व हुन्छ, घरमा पनि उत्तरदायित्व छ । त्यसकारण नबुझ्ने मान्छेले सामाजिक उत्तरदायित्व बुझ्दैन र राजनीति गरेको आरोप लगाउँछ, अहिले परिस्थिति अलि बदलिएको छ ।’

शिक्षक सरकारका शत्रु नभएको र सरकारले शिक्षकमाथि अत्याचार गर्नुपर्ने कुनै कारण नरहेको भन्दै शिक्षकहरुलाई पूर्व शिक्षामन्त्री श्रेष्ठले सारेका एजेण्डा अगाडि नबढ्ने प्रष्ट संकेत गरेको नेताहरु बताउँछन् ।

# प्राथमिकतामा पर्न सकेन बहुचर्चित नौमुरे बहुउद्देश्यीय आयोजना

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ भदौ



अर्घाखाँचीमा सञ्चालित नौमुरे बहुउद्देश्यीय आयोजनामा बजेट पर्याप्त हुन नसक्दा कामले गति लिन सकेको छैन । शितगंगा नगरपालिका ८ सातमारामा रहेको कायार्लयले परिणाम देखिने गरी काम गर्न बजेट नपुगे पछि आयोजनाले द्रुत रुपमा गति लिन नसकेको प्राविधिकहरु बताउँछन् ।

बहुप्रतिक्षित मानिएको र सँधै चुनावी नारा बन्ने गरेको नौमुरे बहुउद्देश्यीय आयोजनाको चर्चा अनुरुपको काम अघि बढ्न नसक्दा कुरामै सिमित रहने हो कि ?, भन्ने आम अर्घाखाँचीबासिको चिन्ता र चासोको विषय बनेको छ । अर्घाखाँची र प्युठानको सिमानामा पर्ने मादी र झिमरुक नदीको संगम नौमुरे क्षेत्रमा निर्माण हुन लागेको यो बहुचर्चित आयोजना अगाडि बढाउने चर्चा चलेको लामो समय भएपनि काम उल्लेख्य रुपमा अघि बढ्न बजेटको समस्या देखिएको छ ।

कुल २८० मेगावाट जलविद्युत उत्पादन र दाङ,कपिलवस्तु र बाँके जिल्लाका करिब ८० हजार हेक्टर कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी डिजाइन भएको यस आयोजनाको कार्यालय स्थापना भएपछि कार्य अघि बढ्छ भन्ने सोच थियो । तर स्थानीय बासिन्दाहरु सरकारले पठाउने न्यून बजेट र सरकारको कार्यसम्पादनबाट त्यति खुशी भने हुन सकेका छैनन् । आयोजनाले गत आर्थिक वर्ष २०८०/०८१ भौतिक प्रगति ८३.२४ प्रतिशत हासिल गरेको र वित्तीय प्रगति ६६.५० प्रतिशत रकम यस वर्ष खर्च भएको योजना प्रमुख वीर बहादुर बोहराले बताए ।

आयोजनाको काम द्रुत गतिमा अघि बढ्न नसक्दा आफु नआउँदै केही वर्षदेखि अधिकतम बजेट फ्रिज हुने गरेको भएपनि हाल आफ्नो टिमले आयोजनाको अधिकतम प्रयास गर्दा उल्लेख्य प्रगती हासिल गर्न सकेको र थप प्रगतिका लागि बजेट अभाव भएको आयोजनाका प्रमुख बोहोराले दाबी गरे ।

आयोजना प्रमुख बोहराका अनुसार आयोजनाको अफिस तथा क्याम्पसको लागि जग्गा प्राप्तिको मूल्याकंनको निर्णय भइ मुआब्जा वितरणको सम्पूर्ण तयारी समेत भइसक्दा मुआब्जा शिर्षकमा पर्याप्त बजेट नहुँदा तथा अन्य खर्च हुन नसक्ने शिर्षकबाट रकमान्तरको लागि पठाउँदा अर्थ मन्त्रालयबाट रकमान्तर नहुँदा वित्तीय प्रगति केही कम हुन पुगेको हो ।

यस चालु आ.व २०८१/०८२ मा समेत अहिले भइरहेको कार्यहरु पहुँच मार्ग निर्माण तथा अफिस क्याम्प निर्माणमा अति न्यून बजेट विनियोजन भएको आयोजना अन्तरगत पहुँच मार्गमा पर्ने शितखोलामा पुल निर्माण गर्न ४ करोड विनियोजन भएकोमा आवश्यक लागत रकम करिब १४ करोडको अर्थ मन्त्रालयले स्रोत सहमती नदिँदा निर्माण कार्य अगाडि बढ्न सकेको छैन । सरकारले आयोजनालाई राष्टिय गौरब तथा प्राथमिकताको आयोजनाको रुपमा घोषणा गरी निर्माण तथा लगानीको मोडालिटी एकिन गर्न अत्यवश्यक देखिन्छ ।

आयोजनाको सम्भाव्यता अध्ययन अनुसार सात वर्षभित्र आयोजना सम्पन्न हुने लक्ष्य लिएपनि अपेक्षित काम हुन नसकेको कारण अब योजनाको काम समयमा सम्पन्न हुने सम्भावना कम छ ।

कार्यालयका प्रमुखदेखि अन्य कर्मचारीले केही वर्षदेखि तलब भत्ता खानु बाहेक अन्य प्रगती बोहरा नआउनजेल शुन्य जस्तै थियो । बजेट हुँदाहुँदै काम गर्न नसक्नु कार्यालयको कमजोरी रहेको स्थानियले आरोप लगाउँदै आएका थिए ।

आयोजनाको मुख्य कामहरू बाँकी नै रहेपनि अन्य कार्यहरू अगाडि बढेको कार्यालय कर्मचारी बताउँछन् । रिभर ट्रेनिङ्ग वर्कको डिजाइन तयार पार्ने कार्य, आयोजना क्षेत्रको जग्गा लगत सम्बन्धी कार्य, जलाधार, जलाशयको परिधि छुट्टाउने कार्य तथा उपलब्ध सीमित बजेटबाट पहुँचमार्गको केही खण्ड स्तरोन्नति लगायतका केही कामहरू भएतापनि भौतिक रुपमै देखिने गरी आयोजनाका सम्रचना निर्माणको काम गर्न र प्रगती हासिल गर्न समय लाग्ने आयोजनाका इन्जिनियर विजय शर्मा बताउँछन् । कुल १२७ खर्ब बराबरको लागत अनुमान भएको जलाशययुक्त/ बहुआयामिक आयोजनाको लागि सरकारको नीति, निर्देशन तथा विनियोजित बजेटको आकार अनुसार काम अघि बढ्ने शर्माको भनाइ छ ।

केही वर्षदेखि कार्यालय स्थापना भएर आयोजनाको काम अघि बढेपनि आयोजनामा कर्मचारीको निकै अभाव छ । कुल ८-१० जना अधिकृत माथिका दरबन्दी भएको भनिएको कार्यलयमा अहिले आयोजना प्रमुख बोहरा र इन्जिनियर विजय शर्मा बाहेक अन्य इन्जिनियर कर्मचारी लेखापाल सम्म छैनन् । भएका इन्जिनियर सूचना अधिकारी कृष्ण गौतम समेत अध्ययन विदामा हिँडेपछि कार्यालय कर्मचारी विहीन अवस्थामा पुगेको हो ।

लामो समय खर्चेर वि.सं. २०४३ सालमै सर्भे भएको नौमुरे जलविद्युत परियोजना विभिन्न सरकारले चर्चा र तयारी गरेको लामै समय भएपनि निर्माण प्रक्रियामा चाँसो नदिँदा आयोजनाले गति लिन सकेको छैन । तत्कालीन पञ्चायत सरकारले सस्तो लगानीमा आयोजना निर्माण गर्ने भन्दै वि.सं. २०४३ सालमै भैगोलिक परीक्षण, पानीको बहाव परीक्षण तथा सर्वेक्षण समेत गरेको थियो । २०४६ सालमा बहुदल आएपछि पटक-पटक चर्चा भएपनि आयोजनाको कामले गती लिएन । अर्घाखाँचीको शितगङ्गा नगरपालिका वडा नम्बर ८ र प्युठानको सरुमारानी गाउँपालिका वडा नम्बर ३ को सिमानामा पर्ने यस आयोजनाको तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल पहिलो पटक भारत भ्रमण जाँदा भारतले सो आयोजनालाई उपहारका रूपमा निर्माण गरिदिने वचन नेपाललाई दिएको थियो ।

२०७१ साउनमा सरकारले सो आयोजना आफै बनाउने घोषणा गर्दै पानी भारतलाई दिन नसक्ने बताएको थियो । भारतलाई पानी नदिएर आफै सम्पन्न गर्ने निर्णय गरेको सरकारले नीति तथा कार्यक्रमै एक प्रदेश एक जलाशययुक्त जलविद्युत् आयोजना अन्तर्गत नौमुरेलाई घोषणा गरिएपनि अझैसम्म कार्यालय स्थापना र केही सानातिना निर्माणका काम बाहेक जलविद्युतको ड्याम्म काम अघि बढेको छैन ।

## प्राकृतिक विपद्

# २४ घण्टामा ८ जनाले गुमाए ज्यान



**काठमाडौं/मस–** पछिल्लो २४ घण्टामा मात्रै प्राकृतिक विपदका कारण आठ जनाले ज्यान गुमाएका छन् । गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायत विपदमा सोमबारसम्म एक सय ९० जनाको ज्यान गएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेश प्रदेशमा आठ, बागमती प्रदेशमा ३२, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३६, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ जनाको ज्यान गएको छ ।

प्रवक्ता कार्कीकानुसार काठमाडौं उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेश प्रदेशमा १२, बागमती प्रदेशमा २३, गण्डकी प्रदेशमा ४५, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा ३४ जना गरी दुई सय ३८ जना विभिन्न विपद्मा परी घाइते भएका छन् ।

सोही अवधिमा एक सय १४ जनाको उद्धार गरिएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेश प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४९ जना बेपत्ता रहेका प्रहरीले जनाएको छ ।

बाढीका कारण आजसम्म तीन सय ८४ घर डुवानमा परेका, तीन सय २७ घर, एक सय १२ गोठ, ५१ पुल, चार विद्यालय दुई सरकारी कार्यालयमा क्षति भएको छ।

यस्तै, चार हजार आठ सय १९ परिवार विपद्का घटनाबाट विस्थापित भएका प्रहरीले आज सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

पहिरो पीडितलाई सहयोग

जाजरकोटको नलगाड नगरपालिका-२ माझगाउँमा सोमबार बिहान पहिरोमा परी एकाघरका तीनजनाको मृत्यु भएको छ । मृत्युहुनेमा नलगाड-२ का ४२ वर्षीय लालबहादुर परियार, ३४ वर्षीया मनिसा परियार, उनीहरुका दुई वर्षीय छोरा शिभम परियार छन् ।

उनीहरु भूकम्पपीडितका लागि निर्माण गरिएको अस्थायी टहरामा बसेका नलगाड नगरपालिकाका प्रमुख डम्बर रावतले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय दल्लीका प्रहरी निरीक्षक माधवप्रसाद चौधरीको नेतृत्वमा प्रहरी टोली घटनास्थलमा पुगेको नगरप्रमुख रावतले बताए । घटनास्थल नलगाड नगरपालिकाको प्रशासकीय केन्द्र दल्ली नजिकै छ ।

यसैबीच पहिरोमा परी मृत्यु भएका परिवारलाई सुदूरपश्चिम प्रदेश सरकारले प्रतिव्यक्ति रु. एक लाख दिने घोषणा गरेको छ । सोमबार सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले प्रेस विज्ञप्ति जारी गर्दै मृतकका परिवारलाई राहत स्वरुप सो रकम प्रदान गर्ने घोषणा गरेका हुन् । मुख्यमन्त्री शाहले पहिरोमा ज्यान गुमाएका परिवारप्रति समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेका छन् । साथै तत्काल उद्धार तथा राहत कार्यमा सङ्लग्न हुन सम्बन्धित निकायलाई निर्देशन दिइएको जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# गुरु पूजन उत्सव सम्पन्न



**पवन जायसवाल/मध्यान्ह**
बाँके, ३ भदौ

श्री गुरु पूजन उत्सव हिन्दू स्वयंसेवक संघ नेपाल नेपालगन्ज बाँकेद्वारा सम्पन्न भएको छ । हिन्दू स्वयंसेवक संघ नेपाल नेपालगञ्ज बाँकेका जिल्ला संघ चालक फूलचन्द तिवारीको अध्यक्षतामा,पूर्व मन्त्री सर्वदेव ओझा, मधेशी आयोग सदस्य तथा समाजसेवी बिजय गुप्ता, वरिष्ठ अधिवक्ता तथा समाजसेवी गिरिवर प्रसाद अग्रवाल, नेपाल जडीबुटी व्यवसायी संघ नेपालगञ्जका अध्यक्ष टंक प्रसाद शर्मा, प्रमुख वक्ता, राष्ट्रीय संगठन सचिव बासुदेव मिश्रले आ-आफ्ना विचार राखेका थिए। कार्यक्रमका संघका कर्णाली, लुम्बिनी प्रदेशका सम्भाग प्रचारक बिकुल दाहालद्वारा सञ्चालित कार्यक्रममा आद्य सर संचालक डा. केशव बलीराम हेडगेवर,सदाशिवराज गोलगेवार (श्री गुरुजी)को तस्वीरमा दीप प्रज्वलित गरी कार्यक्रमको उद्घाटन गरिएको थियो ।

हिन्दू स्वयंसेवक संघ नेपाल नेपालगन्जका ध्वजा रोहण, प्रार्थना सन्तोष खनाल गरेका थिए । आमाको माया छात्रावासका प्रमुख दिर्घराज रावलले कार्यक्रममा विचार राखेका थिए ।

# लुम्बिनीका मुख्यमन्त्री आचार्यले आज विश्वासको मत लिँदै



**बुटवल/मस–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आज विश्वासको मत लिने भएका छन् ।

लुम्बिनी प्रदेशसभा सचिव दुर्लभ पुन मगरका अनुसार मगंलबार बस्ने लुम्बिनी प्रदेशसभाको चौथो अधिवेशनको २५ औं बैठकमा विश्वासको मतसम्बन्धी प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची छ ।

विश्वासको मतको पक्षमा मतदान गर्न नेकपा एमाले, नेपाली कांग्रेस, जनमत पार्टी र नागरिक उन्मुक्तिसहित साना दलले ह्विप जारी गरेका छन् ।

नेपाली कांग्रेस लुम्बिनी प्रदेश सचेतक निमा गिरीले नेपाली कांग्रेसले आफ्ना सांसदहरूलाई मंगलबारको प्रदेशसभामा उपस्थित भएर मुख्यमन्त्रीको पक्षमा मतदान गर्न ह्विप जारी गरेको बताइन् ।

त्यस्तै एमाले संसदीय दलको बैठकले पनि विश्वासको मतको पक्षमा मतदान गर्न आफ्ना सांसदलाई ह्विप जारी गरेका छन् ।

गत साउन ७ गते आचार्य कांग्रेसका २७ र एमालेका २९ गरी ५६ जना सांसदको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । ८७ सांसद रहेको लुम्बिनी प्रदेशसभामा आवश्यक बहुमतको लागि ४४ सांसद चाहिन्छ ।

# ७४ जिल्लामा फैलियो डेंगु सबैभन्दा धेरै तनहुँमा

**काठमाडौं/मस–** एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस नामक लामखुट्टेबाट सर्ने डेंगु नेपालका ७४ जिल्लामा फैलिएको छ । त्यसमध्ये इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) को पछिल्लो तथ्यांक अनुसार सबैभन्दा बढी तनहुँमा छन् ।

गत पुसको मध्यदेखि हालसम्म ३ हजार ७५५ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडीसीडी) का अनुसार गण्डकीमा १ हजार ४४८, बागमतीमा ९२८ डेंगु सङ्क्रमित फेला परेका हुन् ।

त्यस्तै, कोशीमा ६३९, लुम्बिनीमा ३२८, सुदूरपश्चिममा २९५, मधेशमा ६५ र कर्णाली प्रदेशमा ५२ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ ।




जिल्लागत रूपमा सबैभन्दा धेरै तनहुँमा ७१५, काठमाडौँमा ३५४, कास्कीमा २७४, झापामा १४७, चितवनमा १४५, पर्वतमा १३६, मकानपुरमा ९०, गोरखामा ८५ जना डेंगु सङ्क्रमित भेटिएका छन् ।

पछिल्ला दिनमा गण्डकीमा प्रदेशका जिल्लामा डेंगु फैलिने क्रम बिस्तारै बढ्दै छ । अब मनसुन बिस्तारै रोकिँदै गएसँगै डेंगुका बिरामी बढ्न सक्ने इडीसीडीका अधिकारी बताउँछन् । अघिल्लो वर्ष ७७ वटै जिल्लामा डेंगु फैलिँदा ५२ हजार भन्दा बढी सङ्क्रमित भएका थिए भने २० जनाको मृत्यु भएको थियो ।

# संखुवासभामा स्वास्थ्यकर्मीमाथि कुटपिट

**संखुवासभा/मस-** संखुवासभाको नागरिक आरोग्य सेवा केन्द्रका इन्र्चाजमाथि कुटपिट भएको छ। पाँचखपन नगरपालिका-२ टाइगरचोकस्थित सेवा केन्द्रका इन्चार्ज बैध ज्ञानेन्द्रप्रसाद शाहमाथि कुटपिट भएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र संखुवासभाका प्रमुख रामप्रमोद चौधरीले जानकारी दिए।

शाहमाथि आइतबार दिउँसो कार्यालय परिसरमै पाँचखपन-२ का भीषण जिमीले कुटपिट गरेको उनले बताए । जिमीले इन्चार्ज शाहमाथि औषधि किन्ने बहानामा कार्यालय परिसरभित्रै कुटपिट गरेको आरोपित छ । घटनालगत्तै पीडित शाहले स्थानीय प्रहरी पोष्टमा उजुरी गरेकामा प्रहरीले आरोपित जिमीलाई सम्झाइबुझाइ छाडेको थियो । जिमीले सोही दिन राति पुनः शाहको कोठामा पुगेर धम्क्याएको पीडितको आरोप छ। शाहले सोमबार इलाका प्रहरी कार्यालयमा उजुरी दिएका छन् ।

यहाँ स्वास्थ्यकर्मी र अन्य कर्मचारी कुटपिट तथा अभद्र व्यवहार हुन थालेको भन्दै कर्मचारीले सुरक्षाको माग गरिरहेका छन् । यसअघि गत साउन १५ मा नेपाल विद्युत् प्राधिकरण शाखा कार्यालय मादीका इन्चार्ज र एक कर्मचारीमाथि कुटपिट भएको थियो ।

# विपद् उद्धारका लागि विमान उपलब्ध गराउने अमेरिकी प्रतिबद्धता

**काठमाडौं/मस–** संयुक्त राज्य अमेरिकाले विपद् उद्धार तथा राहत कार्यमा सहयोग गर्न नेपाललाई विमान उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

विमान उपलब्ध गराउने दिशामा अमेरिकी विदेश मन्त्रालयअन्तर्गतका तीन ओटा विभिन्न अनुदान प्रदान गर्ने प्रतिबद्धता व्यक्त भएको अमेरिकी दूतावासले सोमबार जनाएको छ । दुई देशहरूबीचको दौत्य सम्बन्धलाई सुदृढ तुल्याउने क्रममा उक्त सहयोगको प्रतिबद्धता व्यक्त गरिएको हो ।

सन् २०२१ मा अमेरिकाले सन् २०२५ जनवरीसम्म तीन करोड ७० लाख डलर बराबरका दुई ओटा एम२८ स्काइट्रक उपलब्ध गराउने सहमति भएको दूतावासले जनाएको छ । ‘छोटा धावनमार्गमा उडान र अवतरण गर्नसक्ने क्षमता भएका स्थिर पखेटा भएका विमान हुन् । यीमध्येको एउटा विमान हवाई एम्बुलेन्स हो’, दूतावासले भनेको छ । यस अनुदान कार्यक्रममा विमानचालक र मर्मतकर्ताका लागि तालिमको व्यवस्थाका साथै पाटपुर्जा सहयोग समेत समावेश गरिएको छ ।

सन् २०२२ मा अमेरिकाले नेपाललाई दुई ओटा बेल ४१२ हेलिकप्टर उपलब्ध गराउन सहमति जनाएको थियो । ती हेलिकप्टरहरू आगामी केही वर्षमा उपलब्ध हुने अपेक्षा गरिएको छ । चार करोड ४० लाख डलरको उक्त अनुदान कार्यक्रममा विमानचालक र मर्मतकर्ताका लागि तालिमको व्यवस्थाका साथै बन्दोबस्ती सहयोग समेत समावेश गरिएको छ ।

व्यवस्थापन तथा स्रोतसम्बन्धी उप-विदेशमन्त्री रिचार्ड वर्माले गत साता आफ्नो नेपाल भ्रमणका क्रममा अमेरिकाले अतिरिक्त हेलिकप्टर, तालिम र सहायता उपकरणका लागि थप १० करोड डलरको अनुदान सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । यद्यपि, उक्त सहायता अमेरिकी कंग्रेसबाट सूचना प्राप्त भई आर्थिक स्रोतको उपलब्धता सुनिश्चित भएपछि प्रदान गरिने दूतावासको भनाइ छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALEH EID AL SAADY FACTROY FOR READY MIX CONCRETE शहरः Saudi Arabia, Dammam
पूर्व स्वीकृत मितिः २०८१/०४/०७ चलानी नं.: ६०२२२५३१ L.T. No.: 307795 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading and Unloading Labor | 8 | 0 | | 1000 | ३५,७१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ३७०८/- कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३१६/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रु. २८०७/- कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
४ भदौ २०८१, मंगलबार
20 August 2024, Tuesday

सम्पादकीय

## नागरिकलाई चाहिएको भरोसा

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको अभिव्यक्तिलाई चासोका साथ हेरिएको छ । गत २८ साउनमा राजधानीमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले २० देखि ३० वर्षभित्र बच्चा जन्माउन युवाहरूलाई प्रेरित गर्नेगरी बोलेका थिए । बच्चा जन्माएर विदेश जाने अथवा अरू कुनै पेशामा लाग्न प्रधानमन्त्री ओलीले सुझाव दिएका थिए । जनसांख्यिक सन्तुलन कायम गर्न पनि चाँडै विवाह र बच्चा जन्माउनुपर्ने प्रधानमन्त्रीको तर्क थियो । नेपालले लामो समयदेखि अवलम्बन गर्दै आएको नीतिसँग तुलना गरेर प्रधानमन्त्रीको यस्तो अपिललाई चासोका साथ हेरिएको हो । किनकि विवाहको न्यूनतम उमेर कानूनी रूपमै तोकिएको हाम्रो समाजमा ढिलो विवाह गर्ने र सानो परिवारलाई मानक बनाइदै आएको छ ।

लामो समय 'दुई सन्तान, इश्वरको बरदान' भन्ने विज्ञापन नै गरियो । दुई सन्तानको प्रेरणा जनसंख्या नियन्त्रणकै नीति अन्तर्गत भनिएको थियो । धेरै सन्तान हुँदा आवश्यक पालनपोषणदेखि भविष्यको चिन्ता देखाएर सन्तान थोरै जन्माउन र ढिलो विवाहलाई प्रोत्साहन गरिदै आएको थियो । ढिलो विवाह र थोरै सन्तानको नीतिले नेपालमा जनसंख्या बृद्धिदर निरन्तर घटिरहेको छ । जनगणना–२०७८ ले नेपालको कूल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ पुगेको देखाउँदा बृद्धिदर ०.९२ प्रतिशतमा झरेको देखायो । जन्मदर २.१ प्रतिशत र औसत आयु ७१.३ वर्ष रहेको देखियो । १५–२४ वर्ष समूहका जनसंख्या २० प्रतिशत र १० प्रतिशत जनसंख्या ६० वर्ष भन्दा माथिका रहेको पनि देखियो ।

यसपछि भने नेपालका नीति निर्माता र नेतृत्व झस्किएको छ । किनकि जनगणना–२०७८ को प्रतिवेदनकै प्रवृत्ति कायम रहने हो भने नेपालको जनसंख्याको सन्तुलन बिग्रनेछ । एउटा समय पुग्दा देशमा बृद्धहरूको बहुलता हुनेछ भने जन्मदर निरन्तर घट्दै जाँदा जनसंख्या घटेर जानेछ । अर्थात् देशले अत्याधिक जनसंख्या बृद्धिदरको पीर गर्दागर्दै न्यून जनसंख्याको संकट खेप्नुपर्ने अवस्था आउँदैछ । यही समस्या देखेर प्रधानमन्त्रीले चाँडो विवाह गर्न र सन्तान जन्माउन प्रेरणा दिनेगरी सार्वजनिक मन्तव्य दिएको हुनुपर्छ । तर सार्वजनिक मन्तव्यले मात्र विवाह र जन्मदरमा परिवर्तन आउँदैन । त्यसका निम्ति आवश्यक परिस्थिति सृजना गरिनुपर्छ । अहिलेकै जस्तो रोजगारको समस्या हुने, राज्यसँग नागरिकले विश्वास बढाउन नसक्ने र आधारभूत आवश्यकताको अभाव रहँदा जनसंख्या घट्ने क्रम रोकिदैन । युवाहरूले देश छोडिरहनेछन् भने ढिलो विवाह र जन्मदर घटिरहनेछ ।

# बहसमा विद्युतीय शासन

अग्रलेख



● गम्भीर बहादुर हाडा



सरकारले आफूले सम्पादन गर्ने कार्यहरू, सेवाग्राही एवम् नागरिकलाई प्रदान गर्ने सेवाहरू विद्युतीय माध्यमबाट सम्पादन गर्ने, सञ्चालन र व्यवस्थापन गर्ने गरी शासन प्रणाली सञ्चालन गर्दछ भने सरकारको त्यस्तो शासन प्रणालीलाई विद्युतीय शासन भनी बुझ्नुपर्दछ । विद्युतीय शासन पद्धति सुशासन कार्यान्वयनको एक महत्त्वपूर्ण अपरिहार्य एवम् अति प्रभावकारी औजार हो । सार्वजनिक निकायहरूबाट सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा पुराना तौर तरिका अर्थात् कागजी प्रक्रियाबाट अलग्गै रहेर विद्युतीय प्रणालीमार्फत सेवा प्रदान गर्न आफूलाई रूपान्तरण गरिरहेको विश्व परिदृश्यमा नेपालको सार्वजनिक प्रशासनले समेत आत्मसात् गरी तत्अनुरूपका कार्यहरू गर्दै आएको छ । विद्युतीय शासन पद्धतिमा रूपान्तरण गर्नु वा हुनु भनेको कागजरहित कार्यालय बनाउनु हो । कागजको कम प्रयोग गर्दै सूचना प्रविधिका क्षेत्रमा उपयोग गरिएका कम्प्युटर नेटवर्क, इन्टरनेट, इमेल आदि प्रविधिको अधिकतम उपयोग गरी आकाशीय क्षेत्रमा भण्डार सुरक्षित गरी राख्ने र खोजेको बखत तुरुन्त प्राप्त गर्न सकिने प्रविधि विद्युतीय कारोबार पद्धति हो ।

आधुनिक राज्य सञ्चालनको केन्द्रबिन्दु नागरिक नै हो । नागरिक राज्य सञ्चालनका सन्दर्भमा सार्वभौम शक्तिको स्रोत हुन् । राज्यका रूपमा कार्य जिम्मेवारी लिने व्यक्ति वा व्यक्तिहरूको समूहले तिनै नागरिकका प्रतिनिधिका रूपमा छानिएर, चुनिएर वा मनोनीत भएर वा नियुक्ति पाएर राष्ट्र र जनताको हितका लागि सरकारको नाममा कार्य सम्पादन गर्दछन् । २१औं शताब्दीको प्रारम्भसँगै विद्युतीय उपकरणको प्रयोगमा व्यापकता आएको छ । विद्युतीय उपकरणको कारण आज विश्व एउटा गाउँमा परिणत हुन पुगेको छ । यसको विकास र विस्तार पनि अकल्पनीय ढंगले अगाडि बढिरहेको छ । विगतमा एक ठाउँबाट अर्को ठाउँमा समाचार पुऱ्याउन, चिठ्ठी पत्र, टेलिफोन, वायरलेस आदिको प्रयोग गरिन्थ्यो भने आज कम्प्युटर, मोबाइल, फोनमार्फत यो कार्य गरिँदै आएको छ । एउटै पुस्ताका व्यक्तिले पनि दुई तीन थरिका विद्युतीय उपकरणको उपयोग गर्न पाएका छन् । यो पक्कै पनि सुखद समाचार हो ।

विद्युतीय सरकारको जननी भनेर अमेरिकालाई चिनिन्छ । अमेरिकामा सन् १९९९ डिसेम्बर १७ का दिन तत्कालीन राष्ट्रपति बिल क्लिन्टनले सरकारी कागजी कार्य उन्मूलन अधिनियम १९९९ घोषणा गरेपछि यसको महत्वले व्यापकता पायो । सूचना प्रविधिको प्रयोगद्वारा कसरी शासन पद्धति चलाउन सकिन्छ भन्ने बारे उक्त कानुनमा व्यवस्था गरिएको छ । यथार्थमा विद्युतीय शासनमार्फत सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीको पहुँच बढाई आम नागरिकलाई सुशासनको अनुभूति दिलाउन सकिन्छ । यस अर्थमा ई-कमर्सलाई आइसिटीमा आधारित सरकारको नामले समेत परिचित गराइएको छ । ई-सेवा, ई-शिक्षा, ई-कृषि, ई-खरिद, ई-स्वास्थ्य, ई-बैंकिंग आदि यसका उदाहरण हुन् । पछिल्लो समयमा आएर यसको प्रयोग विकसित र विकासोन्मुख सबै राष्ट्रले गर्दै आइरहेका छन् र यसको लोकप्रियता पनि दिनानुदिन बढ्दै गइरहेको छ ।

नेपालमा प्रविधिको उपयोगको इतिहास सन् १९७२ जनगणनाको तथ्याङ्क विश्लेषण गर्न आइबिएम १४०१ कम्प्युटरको प्रयोग भएको पाइन्छ । सन् १९७४ इलेक्ट्रोनिक डाटा प्रोसेसिङ्ग सेन्टरको स्थापना, सन् १९८५ मा पर्सनल कम्प्युटर वितरण, सन् १९९० मा सूचना प्रविधिजन्य मेशिनहरू आयात गर्न खुल्ला, सन् १९९२ क्यानको स्थापना, सन् १९९६ विज्ञान र प्रविधि मन्त्रालयको स्थापना, सन् १९९९ दूरसञ्चार नीतिको निर्माण तथा कार्यान्वयन, सन् २००० सूचना प्रविधि नीतिको निर्माण तथा कार्यान्वयन, सन् २००१ मा राष्ट्रिय सूचना प्रविधि केन्द्रको स्थापना, सन् २००४ मा नयाँ दूर सञ्चार नीतिको निर्माण, सन् २००६ मा इ-गर्भरमेन्ट मास्टर प्लानको निर्माण, सन् २००७ मा विद्युतीय कारोबार नियमावली निर्माण तथा कार्यान्वयन, सन् २०१० मा नयाँ सूचना प्रविधि नीतिको निर्माण तथा कार्यान्वयन भएको पाइन्छ ।

विद्युतीय शासनबारे नेपालले गरेको नीतिगत व्यवस्थाहरूमा विश्वमा विद्युतीय शासनको अवधारणा सन् १९९० पछि विकास गरेको हो । २०४७ को खुला र उदार शासन सँगै सूचना प्रविधि नीति, २०५७ ले नीतिगत आधार तयार गऱ्यो । दूर सञ्चार नीति, २०६०, विद्युतीय गुरुयोजना, २०६२, विद्युतीय कारोबार ऐन, २०६३, नियमावली, २०६३, सुशासन ऐन, २०६४, नियमावली, २०६५, सरकारको निर्णय सरलीकरण निर्देशिका, २०६५, प्रशासन पुनः संरचना आयोगको प्रतिवेदन, २०६६, सूचना प्रविधि नीति, २०६७ खारेज गरी हाल सूचना तथा सञ्चार प्रविधि नीति, २०७२/७३ विद्यमान रहनुले नेपालको शासकीय सुधार, प्रभावकारिता र सुशासन प्रवर्द्धनको सन्दर्भमा योगदान दिन अवसर/व्यवस्था रहेको छ ।

*सार्वजनिक निकायका काम विद्युतीय प्रणालीबाट सम्पादन गर्न सकिएमा परम्परागत कागजी प्रक्रियामा आधारित शासन व्यवस्थामा आमूल परिवर्तन भइ नतिजामूलक राज्य व्यवस्थापनको स्थापना हुन पुग्छ र सरकारी कार्य प्रणालीमा दक्षता अभिवृद्धि हुन्छ । सरकारी काम कारबाहीमा पारदर्शिता आउँछ । नागरिकले प्राप्त गर्ने सेवाको सुनिश्चितता र पूर्व अनुमान योग्य हुन पुग्दछ ।*

विद्युतीय शासनको महत्वलाई उल्लेख गर्दा शासकीय प्रभावकारिता वृद्धि गर्न, सेवा प्रवाहमा शीघ्रता कायम गर्न, सुशासनको मान्यता स्थापित गर्न, कार्य प्रणालीमा प्रभावकारिता ल्याउन, नागरिक सहभागिता वृद्धि गर्ने, मितव्ययिता कायम गर्न, नागरिक सन्तुष्टि अभिवृद्धि गर्न, छरितो कर्मचारीतन्त्र विकास गर्न, विद्युतीय सार्वजनिक प्रशासन विकास गर्न, चुहावट र भ्रष्टाचार न्यूनीकरण गर्न, प्रविधिमैत्री शीघ्र सेवा प्रवाहलाई बढवा दिन, इ-गर्भनिङ्ग एक्टिभिटिजद्वारा सरकार तथा नागरिकबिचको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न, रेन्सपोन्सिभ गर्भनिङ्ग सिस्टमलाई आत्मसात् गर्न, शासनमा ट्रान्सपरेन्सी हासिल गर्न, सेवा प्रवाहमा मितव्ययिता कायम गर्न, सेवामा प्रभावकारिता र गुणस्तरीयता अभिवृद्धि गर्न, सरकारको नागरिकप्रतिको उत्तरदायित्व बढाउन, ज्ञानमा आधारित समाजको विकास गर्न विद्युतीय शासनको आवश्यकता पर्छ ।

विद्युतीय सेवाको प्रकारहरूमा संघीय सरकारहरूबिच सेवा प्रवाह अन्तर्गत संघ र प्रदेश सरकार, संघ र स्थानीय सरकार, प्रदेश प्रदेश सरकार, प्रदेश र स्थानीय सरकार, तीनै तहबिच हुने सेवा प्रवाह, सरकारी कार्यालयहरू वा हुने विद्युतीय सेवा प्रवाह । सरकारी कार्यालय र कर्मचारी बिच हुने सेवा प्रवाह ।

वर्तमान सोह्रौं योजना (२०८१/८२- २०८५/८६) मा शासकीय सुधार एवम् सुशासनका लागि नीतिगत तथा कानुनी प्रबन्ध अन्तर्गत संविधानबमोजिम तीन तहका सरकारको एकल तथा साझा अधिकार सूचीअनुरूप कार्य विस्तृतीकरण गरी आवश्यक कानुन निर्माण तथा कानुन कार्यान्वयनमा तहगत सरकारबिच सामञ्जस्ययता कायम गर्नु, शान्ति, सुव्यवस्था र सुरक्षासहित सार्वजनिक सेवा र विकास व्यवस्थापनका लागि तीन तहका सबै निकायहरूको बिचमा अन्तर-आबद्धतायुक्त एकीकृत तथ्याङ्क प्रणाली स्थापना र सञ्चालन गर्नु । विद्युतीय सुशासनको संस्थागत विकासअन्तर्गत एकै प्रकारको विवरण पटक-पटक सङ्कलन नगरी एकीकृत रूपमा सङ्कलन गर्ने प्रणालीको विकास गर्नु, विभिन्न निकायले प्रयोग गरिरहेका सूचना प्रविधि एवम् डाटाबेसका प्रणालीको बिचमा अन्तर-आबद्धता कायम गर्ने कार्यक्रम राखिएको छ । यसको साथै दिगो र भरपर्दो सेवा प्रवाह गर्ने कार्य संस्कृतिको विकास गर्नु, प्राविधिक एवम् साइबर सुरक्षाका दृष्टिले विद्यमान सूचना प्रविधि प्रणालीलाई सबल बनाउनु, विद्युतीय सुशासनको कार्यगत तथा संस्थागत विकास र विस्तार गर्ने नीति तथा कार्यक्रम राखिएको पाइन्छ ।

विद्युतीय शासनको विकासमा देखा परेका समस्याहरूमा आइटीसम्बन्धी नीति वैज्ञानिक रूपमा तर्जुमा हुन नसक्नु र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप प्रतिस्पर्धा गर्न नसक्नुमा देखिन्छ । समय अवस्थाअनुसार सार्वजनिक सेवा प्रदायक निकाय र व्यक्तिमा आइटीसम्बन्धी पर्याप्त चेतनाको कमी हुनु, नागरिकहरूमा प्रविधिहरूको एडप्ट गर्न सक्ने सामर्थ्य र क्षमताको कमी तथा उनीहरूमा आइटीको पहुँच र ज्ञानको कमी हुनु जस्ता समस्या हामीले भोगिरहेका छौँ ।

कार्य योजनासहितको इ-गर्भनेस्न मास्टर प्लान निर्माण गरी तदारुकता र इमानदारीपूर्वक लागु गर्नु अहिलेको आवश्यकता हो । विद्यमान लोडसेडिङ घटाउने कार्य प्राथमिकतामा राखी डिजिटल डिभाइड, डिजिटल ग्याप घटाउने कार्यक्रमहरू कार्यान्वयन गर्ने, मौजुदा साइबर कानुनलाई परिमार्जन गरी व्यवहारिक र समसामयिक बनाई लागु गर्ने आइटीको बढ्दो प्रयोगसँगै बढेको आपराधिक गतिविधिहरू रोक्नलाई साइवर सुरक्षा सम्बन्धी छुट्टै कानुन निर्माण गर्ने, विद्युतीय सरकारको अवधारणा लागु गर्ने जस्ता विषयलाई प्राथमिकतामा राख्नुपर्छ । सो को लागि आवश्यक भौतिक र मानवीय पुँजीको व्यवस्था गर्न सार्वजनिक निजी साझेदारी नीति चाहिन्छ ।

साथै, सार्वजनिक निकायमा कार्यरत कर्मचारी र सेवाग्राही दुवै पक्षको विद्युतीय शासन प्रयोग गर्न सक्ने क्षमता विकास गर्न पर्याप्त तालिम र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, विज्ञान तथा प्रविधि मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयको कार्यक्षमताको विश्लेषण गरी पुनर्संरचनाको कार्य अघि बढाउने, सूचना प्रविधि विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्र, प्रमाणीकरण नियन्त्रकको कार्यालयबिच समन्वय गरी यिनीहरूको कार्यमा एकरूपता ल्याउने, राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट सबै सरकारी निकायहरूको वेभ होस्टिङ गर्ने, डाटा व्यापक-अप गर्ने, इन्टरनेट सुविधा उपलब्ध गराउने व्यवस्था गर्नु आवश्यक छ ।

राज्य व्यवस्था पारदर्शी, जबाफदेही, नतिजामुखी, नागरिकमैत्री, सेवामूलक, उत्तरदायी एवम् प्रभावकारी हुनुपर्ने आदर्श मान्यता रहेको छ । यसलाई संसारका सबै राज्यका सरकारले आत्मसात् गर्दै कुनै न कुनैरूपमा अनुसरण गरी राज्यमा असल शासनको स्थापना गरी संस्थागत गर्न प्रयास गर्दै आएका छन् । यस क्रममा नागरिकको सन्तुष्टिलाई सर्वोपरि राखी राज्य सञ्चालन पद्धति अपनाउन राज्यले नागरिकको चाहना र आवश्यकताअनुरूप सरकारी काम कारबाही छिटो, छरितो, भरपर्दो, विश्वासिलो एवम् प्रभावकारी बनाउन अहिले विद्युतीय प्रणालीको उपयोग गर्न थालेको छ । विद्युतीय कारोबार, सूचना प्रविधिको क्षेत्रमा आएको पछिल्लो संस्करण हो र यसलाई अहिलेसम्म आधुनिक प्रणाली मानिएको छ । सार्वजनिक निकायका काम विद्युतीय प्रणालीबाट सम्पादन गर्न सकिएमा परम्परागत कागजी प्रक्रियामा आधारित शासन व्यवस्थामा आमूल परिवर्तन भइ नतिजामूलक राज्य व्यवस्थापनको स्थापना हुन पुग्छ र सरकारी कार्य प्रणालीमा दक्षता अभिवृद्धि हुन्छ । सरकारी काम कारबाहीमा पारदर्शिता आउँछ । नागरिकले प्राप्त गर्ने सेवाको सुनिश्चितता र पूर्व अनुमान योग्य हुन पुग्दछ ।

## सामाजिक सञ्जाल



**- सौगात कंशकार**

विकट क्षेत्रमा मोबाइल र विद्युत सेवा पुऱ्याउन अत्यन्त खर्चिलो; तर, दुवै संस्था नाफामा । वायुसेवा निगमले पनि विकट क्षेत्रमा बन्द रहेको २० वटा विमानस्थलहरूमा घाटालाई 'क्रस-सब्सिडी'को नीति लिएर सेवा शुरु गर्नुपर्छ । सायद २० वटा एर्पोर्टको वरिपरी केही पर्यटकीय गन्तव्य पनि लुकेको छ कि ?



**- बिमल पोखरेल**

जुन शिक्षक राजनीतिक चेतनायुक्त थिए, तिनीहरू राम्रो पढाउँथे । जता पनि अब्बल थिए । जुन राजनीतिप्रति चासो राख्दैन थिए, तिनीहरूले औसतमा पनि पढाउन सक्दैन थिए । ती लोफ्फर थिए । शिक्षक र विद्यार्थीले राजनीति गरेर बिग्रिएका हुन् भन्नु दास र भुत्ते चेतनाको उपज हो ।



**- प्रेम मगर**

जनैपूर्णिमाका दिनमा मुख्यरूपले ब्रह्माको पूजा गर्ने चलन छ । त्यसपछि सप्तर्षिको पूजा गरिन्छ । त्यसक्रममा वसिष्ठकी पत्नी अरुन्धतीको पनि पूजा हुन्छ । उक्त पूजामा ऋषिहरूलाई आमाको नामले पुकारिन्छ । यो हेर्दा, जुनबेला यो चलन सुरु भयो त्यसबेला महिलालाई बढी महत्व दिइन्थ्यो होला जस्तो लाग्छ ।



**- सुशिल न्यौपाने**

'राखी कुटनीति'लाई नीतिगतरूपमा राम्रै माने फरक पर्दैन । तर, भारतमा भाजपा सरकारबाट बाहिरिए पछि कुन पार्टीको कसलाई र कसले राखी बाँध्ने भन्ने बेलैमा निर्क्यौल गरे पछिलाई सजिलो हुने थियो ।

# कम्युनिष्टहरूभित्र हुनुपर्ने समीक्षा

विचार



● लेखराज रेग्मी

भ्यादिमिर इल्यिच लेनिनलाई २०औं शताब्दीका सबैभन्दा महान् नेताको रूपमा हेरिन्छ । उनको नेतृत्वमा अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भएको थियो । जसले सम्पूर्ण मानव जातिको विकास क्रमलाई मौलिक रूपमा बदल्न सफल भएको थियो । उक्त क्रान्ति सम्पन्न गरिसकेपछि लेनिनले पार्टीको नाम परिवर्तन गरेर कम्युनिष्ट पार्टी नाम राखेका थिए । पहिलो र दोस्रो इन्टरनेशनल समाजवादी इन्टरनेशनल थिए र तेस्रो इन्टरनेशनलको नाम कम्युनिष्ट इन्टरनेशनल राखिएको थियो ।

*जबसम्म हामीले आन्तरिक र बाह्य सन्दर्भलाई राम्रोसँग केलाउँदैनौ तबसम्म हामीले सही मार्गचित्र तयार गर्न सक्दैनौं । नेपाली कम्युनिष्ट आन्दोलन अलमल पर्नुमा एकातिर बाह्य घटनाको सही समीक्षा नुहुन र अर्कोतिर आन्तरिक अवस्थालाई ध्यान नदिनु हो ।*

यता, चीनमा जनवादी क्रान्तिको ठुलो कार्यभार कोमिन्ताङले पुरा गरेको थियो तर, सनयात सेन पछिको कोमिन्ताङ विभाजित भयो र कम्युनिष्ट पार्टी मातहत पि.एल.ए. गठन र बिस्तारमा सहभागी भयो । नेपालको सन्दर्भमा जसरी कम्युनिष्टहरू नेपाल कम्युनिष्ट पार्टी निर्माण गर्दै २००७ सालमा मुक्ति सेना बनाएर लडेका थिए, चीनमा पनि सनयात सेनको नेतृत्वमा कम्युनिष्टहरू क्रान्तिमा सामेल भएका थिए । त्यसै कारण सनयात सेनले कम्युनिष्ट पार्टीसँग सहकार्यको नारा दिएका थिए । सेना पार्टी र सरकारमा च्याङ काइ सेक आएपछि उनले साम्राज्यवादीहरूसँग मिलेर कम्युनिष्ट विरोधी अभियान चलाउन थालेपछि आफ्नो सेना बनाएर कम्युनिष्टहरूले गृहयुद्ध नै चलाएका थिए । उनीहरूले कोमिन्ताङबाट सकारात्मक तत्वलाई आफ्नो पक्षमा पार्न सफलता पाए । चीनमा भने सुरुदेखि नै कम्युनिष्ट पार्टी गठन गरिएको थियो ।

मार्क्सले समाजवादको कुरा गरिरहँदा जर्मन फ्रान्सभन्दा छिट्टै ब्रिटिस मजदुरहरूले सत्ता लिनेछन् भन्ने कल्पना गरेका थिए । त्यति बेला जर्मन फ्रान्स र ब्रिटेन औद्योगिक केन्द्र मात्रै थिएनन्, मजदुर आन्दोलनका केन्द्र पनि थिए । रुस धेरैपछि परेको थियो तर, समाजवादी क्रान्तिको केन्द्र भने रुसतिर सऱ्यो । रुसले समाजवादी सत्ता स्थापना गऱ्यो, युद्धको समयमा सत्तालाई असहयोग गर्ने र कमजोर बनाउने तथा युद्ध विरोधी संघर्ष उठाएर सत्ता परिवर्तन गर्ने नीति दोस्रो इन्टरनेशनलले पास गऱ्यो । तर, यो निर्णय कार्यान्वयन गरिएन, रुसले गरेर देखायो । यही मतभेदको परिणाम दोस्रो इन्टरनेशनल विघटन भयो र कम्युनिष्टहरूले तेस्रो इन्टरनेशनल गठन गरे ।

रुसमा पनि अक्टोबर क्रान्ति सम्पन्न गर्न सेनाले जारको विरुद्ध क्रान्तिकारीहरूलाई साथ लिएको थियो । क्रान्ति सम्पन्न हुन सेनाले सरकारको विरोध र जनतालाई साथ दिने स्थिति बन्नुपर्दो रहेछ । सायद युद्ध सम्बन्धी नीतिमा हामी पटक-पटक चुकेका छौं । के.आइ. सिंह, भिमदत्त पन्त, निर्मल लामा तथा अन्य कमान्डरहरूलाई लिएर त्यति नै बेला सेना गठन गरेर जान सकेको भए फरक स्थिति बन्ने थियो होला त ? दरबार हत्याकाण्डपछि सेना र प्रहरी माझ गम्भीर ढङ्गले जिम्मेवारीपूर्वक पहल लिन परिस्थिति उपलब्ध थियो । हामीले क्युबाको क्रान्तिबाट कति सिक्न सक्यौं भन्ने पनि हो । जबसम्म हामीले आन्तरिक र बाह्य सन्दर्भलाई राम्रोसँग केलाउँदैनौ तबसम्म हामीले सही मार्गचित्र तयार गर्न सक्दैनौ । नेपाली कम्युनिष्ट आन्दोलन अलमल पर्नुमा एकातिर बाह्य घटनाको सही समीक्षा नुहुन र अर्कोतिर आन्तरिक अवस्थालाई ध्यान नदिनु हो । हामी समीक्षा गर्दैछौं, सायद यो प्रश्न यस पटकका आन्तरिक बैठकमा गम्भीर छलफल हुनेछन् भन्ने आशा छ ।

*(रेग्मी, नेकपा (माओवादी केन्द्र)का नेता हुन् ।)*

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | दैनिक कार्यहरू सफल हुनेछ । शान्तिमा वृद्धि हुनेछ । |
| वृष | : | मुकद्मा सम्बन्धी समस्याको योग छ । वाणी संयम जरुरी छ । |
| मिथुन | : | शैक्षिक कार्यमा प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| कर्कट | : | वाहन प्राप्तिको योग छ । विपरीतलिंगीसँग मित्रता हुनेछ । |
| सिंह | : | अर्कामाथि भरोसा नगर्नुहोला । विवादमा पर्ने योग छ । |
| कन्या | : | पराक्रममा वृद्धि हुनेछ । जीवनसाथीको राम्रो सहयोग पाइनेछ । |
| तुला | : | यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुने योग छ । |
| वृश्चिक | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरूमा प्रगति हुनेछ । |
| धनु | : | धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ । |
| मकर | : | भवन निर्माणमा खर्च हुनेछ । आहारमा ध्यान दिनुहोला । |
| कुम्भ | : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य लाभ मिल्नेछ । |
| मीन | : | पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com*

# भारतीय प्रधानमन्त्री मोदीले युक्रेनको भ्रमण गर्दै



**काठमाडौं/एजेन्सी–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले युक्रेनको भ्रमण गर्न लागेको भारतीय विदेश मन्त्रालयले सोमबार जानकारी गराएको छ। राष्ट्रपति भ्लादिमिर पुटिनलाई अँगालो हालेको भन्दै युक्रेनले आलोचना गरेको केही हप्तापछि उनको भ्रमण तय भएको हो ।

भारतीय विदेश मन्त्रालयले भ्रमणको मिति भने खुलाएको छैन, तर भारतीय सञ्चारमाध्यमका अनुसार पोल्याण्ड र युक्रेनको यो भ्रमण यसै साताको अन्त्यमा हुनेछ। मस्कोसँग आफ्नो देशको ऐतिहासिक न्यानो सम्बन्ध कायम राख्ने र क्षेत्रीय प्रतिद्वन्द्वी चीनविरुद्ध पश्चिमा राष्ट्रहरूसँग घनिष्ठ सुरक्षा साझेदारी कायम गर्नेबीचको सन्तुलनलाई कमजोर बनाएको आरोप उनका आलोचकहरूले लगाउने गरेका छन् ।

उनको सरकारले द्वन्द्व शुरु भएको दुई वर्षभन्दा बढी अवधिमा युक्रेनमा रूसले गरेको आक्रमणको स्पष्ट विरोध गरेको छैन तर दुवै पक्षलाई वार्ताका माध्यमबाट आफ्ना मतभेदहरू समाधान गर्न आग्रह गरेको छ ।

जुलाईमा युक्रेनका विभिन्न शहरमा रूसी आक्रमणका कारण तीन दर्जनभन्दा बढी व्यक्तिको मृत्यु भएको र किएभस्थित एक बाल अस्पतालमा ठूलो क्षति भएको केही घण्टापछि मोदीको मस्को भ्रमण भएको थियो ।

भारत र रूसबीच शीतयुद्धदेखि नै घनिष्ठ सम्बन्ध रहँदै आएको छ, जसका कारण क्रेमलिन भारतलाई हतियार उपलब्ध गराउने प्रमुख राष्ट्र बनेको छ। युक्रेन द्वन्द्व शुरु भएदेखि रूस मूल्य कटौतीसहितको कच्चा तेलको भारतका लागि प्रमुख आपूर्तिकर्ता बनेको छ। यसले पश्चिमी प्रतिबन्धहरू लगाएपछि धेरै आवश्यक निर्यात बजार प्रदान गरेको छ।

यसले उनीहरूको आर्थिक सम्बन्धलाई नाटकीय रूपमा पुनः संरचना गरेको छ। भारतले मस्कोको युद्ध कोषलाई बलियो बनाउन सहयोग गरेको छ भने सहुलियत दरको कच्चा तेलको आयातले भारतको अर्बौं डलर बचत गरेको छ। तर रूसको युक्रेनसँगको लडाइँमा भारतको पनि मानवीय क्षति भएको छ ।

नयाँदिल्लीले रूसी सेनासँग 'सहयाग रोजगार' को लागि सम्झौता गरेका तर पछि युक्रेनमा फ्रन्टलाइनमा लड्न पठाइएका व्यक्तिको सुरक्षाका लागि मस्कोलाई आफ्ना धेरै नागरिकहरू फिर्ता गर्न दबाब दिएको छ। यस द्वन्द्वमा कम्तीमा पाँच भारतीयको मृत्यु भएको छ ।

पश्चिमा शक्तिहरूले चीन र एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो प्रभावविरुद्ध भारतसँग बलियो सम्बन्ध विकास गरेका छन् भने नयाँ दिल्लीलाई रूसबाट टाढा रहन दबाब दिइरहेका छन् ।

भारत अमेरिका, जापान र अष्ट्रेलियासँग क्वाड समूहमा सामेल छ जसले एसिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो आक्रामकताको विरुद्धमा आफूलाई उभ्याएको छ। मोदीले सन् २०१९ मा पनि रूसको भ्रमण गरेका थिए र त्यसको दुई वर्षपछि नयाँ दिल्लीमा पुटिनलाई स्वागत गरेका थिए। त्यसयता भारत रूसको स्पष्ट निन्दाबाट पछि हटेको छ र क्रेमलिनलाई लक्षित गर्ने संयुक्त राष्ट्रसंघको प्रस्तावमा अनुपस्थित रहेको छ ।

# गाजा युद्धविराम प्रस्ताव नेतान्याहुको पक्षमा रहेको हमासको दाबी



**काठमाडौं/एजेन्सी–** हमासले दोहामा गत हप्ता प्रस्तुत नयाँ गाजा युद्धविराम प्रस्ताव आलोचना गर्दै प्रस्ताव इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको शर्त र स्थायी युद्धविराममा सहमत हुन अस्वीकार गरेको भनी आलोचना गरेको छ ।

हमासले युद्धविराम प्रस्ताव नेतान्याहुको मागसँग मेल खाने जिकिर गर्दै स्थायी युद्धविरामबारे अस्वीकारोक्ति प्रकट गरेको छ भने रफाह क्रसिङ्ग र फिलाडेल्फी कोरिडोरमा नियन्त्रण कायम राखी कैदी आदानप्रदान सम्झौतामा बाधा पुर्‍याएको छ ।

हमासले नेतान्याहुलाई मध्यस्थकर्ताको पहलमा भइरहेको वार्ताको असफलताप्रति उनलाई नै पूर्ण जिम्मेवार रहेको दाबी गरेको छ भने गाजाविरुद्ध आक्रमण जारी राखेर इजरायली बन्धकहरूलाई खतरामा पारेको आरोप लगाएको छ।

जुलाई-२ मा भएको सम्झौता प्रतिबद्धता दोहोर्‍याउँदै हमासले अमेरिकी राष्ट्रपति जो बाईडेनको र राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावको आधारमा इजिप्ट र कतारका मध्यस्थकर्तालाई सहमतिका सर्तहरू लागु गर्न आग्रह गरेको छ ।

बिहीबारदेखि शुक्रबारसम्म दोहामा सम्पन्न गाजा युद्धविरामपछि मध्यस्थकर्ताले संयुक्त विज्ञप्ति जारी गर्दै वार्तामा 'रचनात्मक' प्रगति भएको र सम्बन्धित पक्षहरूले आगामी दिनमा सम्झौताको कार्यान्वयनको विवरणका लागि वार्ता प्रयास जारी राख्ने घोषणा गरेका छन् ।

नेतान्याहुको कार्यालयले मध्यस्थकर्ताको प्रयास प्रति कृतज्ञता व्यक्त गर्दै उनीहरूले हमासलाई मे को अन्त्यमा गरिएका प्रस्तावको सर्तहरू स्वीकार गर्न मनाउने आशा व्यक्त गरेको छ । हमासले इजरायललाई पहिले सहमति भएका प्रस्तावमा नयाँ सर्तहरू थप्ने गरेको आरोप लगाउँदै वार्ताको नतिजाबारे शंका व्यक्त गरेको छ ।

# सहकर्मीको हत्यापछि भारतमा चिकित्सकहरूद्वारा कडा कानूनको माग




**काठमाडौं/एजेन्सी–** भारतका सयौं चिकित्सकहरूले सोमबार स्वास्थ्य मन्त्रालय नजिकै विरोध प्रदर्शन गरेका छन् । स्वास्थ्य सेवाकर्मीहरूलाई हिंसाबाट जोगाउन र सरकारी अस्पतालमा बलात्कार र हत्याको शिकार भएकी सहकर्मीलाई न्याय दिन कडा कानूनको माग गर्दै चिकित्सकहरू विरोध प्रदर्शनमा उत्रिएका हुन् ।

'न्यायमा ढिलाइ हुनु न्याय नपाउनु हो' जस्ता नारासहित प्रदर्शन गरिरहेका चिकित्सकहरूलाई नयाँदिल्लीस्थित मन्त्रालयबाहिर निःशुल्क बहिरङ्ग सेवा स्थापना गर्न खोज्दा प्रहरीले रोकेको थियो।

पश्चिम बङ्गालको राजधानी पूर्वी सहर कोलकातामा अगस्ट ९ मा ३१ वर्षीया प्रशिक्षार्थीको बलात्कार र हत्यापछि भारतभरका चिकित्सकहरूले विरोध प्रदर्शन र मैनबत्ती (क्यान्डल लाइट) मार्च गरेका छन् भने गैर-आकस्मिक बिरामीहरूको हेरचाह गर्न अस्थायीरूपमा अस्वीकार गरेका छन् ।

सहकर्मीमाथि भएको आक्रमणले सम्पूर्ण भारतका अस्पताल र मेडिकल क्याम्पसहरूमा स्वास्थ्य सेवाकर्मीहरूको संवेदनशीलतालाई उजागर गरेको चिकित्सकहरूले बताएका छन् ।

उनीहरूले ड्युटीमा रहेका चिकित्सकहरूमाथि हुने कुनै पनि आक्रमणलाई जमानतको सम्भाव्यताबिना अपराध बनाउने, अस्पतालमा सुरक्षा बढाउने र उनीहरूलाई आराम गर्नका लागि सुरक्षित स्थान बनाउने लगायतका कडा कानूनको माग गरेका छन् ।

सरकारले चिकित्सकहरूलाई काममा फर्कन आग्रह गर्दै उनीहरूको मागप्रति समिति गठन गर्ने बताएको छ । कोलकाताको आर जी मेडिकल कलेज एन्ड हस्पिटलमा प्रशिक्षार्थी चिकित्सकको बलात्कार र हत्याले महिला विरुद्धको हिंसाको पुरानो मुद्दामा आक्रोशलाई बढाएको छ ।

अस्पतालमा कार्यरत एक प्रहरी स्वयंसेवकलाई पक्राउ गरी अपराधको आरोप लगाइएको छ तर पीडितको परिवारले यो सामूहिक बलात्कार भएको र यसमा थप व्यक्ति संलग्न रहेको बताएको छ । संघीय अनुसन्धानकर्ताहरूले घटनाको अनुसन्धान गरिरहेका छन्।

हजारौं मानिस विशेषगरी महिलाहरूले चिकित्सकलाई न्यायको माग गर्दै कोलकाताको सडकमा जुलुस निकालेका छन् । सन् २०१२ मा दिल्लीमा गुडिरहेको बसमा २३ वर्षीया छात्राको सामूहिक बलात्कार र हत्यापछि लागु गरिएको कडा कानूनहरूका बाबजुद भारतमा महिलाहरूले बढ्दो हिंसाको सामना गर्नुपरिरहेको उनीहरूले बताएका छन् ।

उक्त आक्रमणले सांसदहरूलाई यस्ता अपराधका लागि कडा सजायको आदेश दिन र बलात्कारको मुद्दाहरूमा समर्पित फास्ट ट्र्याक अदालत स्थापना गर्न प्रेरित गरेको थियो। सरकारले बारम्बार अपराध गर्नेलाई मृत्युदण्डको पनि व्यवस्था गरेको छ ।

कडा कानून बने पनि भारतमा महिलाविरुद्ध यौन हिंसा व्यापक समस्या बनेको छ। राष्ट्रिय अपराध रेकर्ड ब्युरोका अनुसार सन् २०२२ मा प्रहरीले बलात्कारका ३१ हजार पाँच सय १६ रिपोर्ट रेकर्ड गरेको थियो। यो आँकडा सन् २०२१ को तुलनामा २० प्रतिशतले बढी हो ।

# इटालीमा आँधीका कारण डुंगा डुब्दा एक जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** इटालीमा डुंगा डुब्दा एक जनाको मृत्यु भएको छ भने अन्य छ जना बेपत्ता भएका छन् । सिसिलीको तटीय क्षेत्रमा आएको आँधीका कारण पर्यटनका लागि प्रयोग गरिने एक आरामदायी डुंगा डुब्न पुगेको थियो ।

उद्धारकर्मीले बेपत्ता भएका अन्य छ जनाको खोजी गरिरहेको अधिकारीहरूले बताएका छन् । इटालियन कोस्ट गार्डले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सोमबार बिहान ५:०० बजेको समयमा हिंसात्मक आँधीबेहरीपछि बेलायती ध्वजाबाहके बायेसियन नामक ५६ मिटर लामो डुंगा पोर्टिसेलो नजिकै डुबेको छ ।'

सामुद्रिक तटीय क्षेत्रमा सुरक्षार्थ तैनाथ गरिएका कोस्ट गार्डका अनुसार हेलिकप्टरको सहयोगमा उद्धारकर्मीले सोमबार एक जनाको शव फेला पारेको र वेपत्ता अन्य छ जनाको खोजी भइरहेको छ । यद्यपि, सेनाका प्रवक्ताले एएफपीसँग भने, 'पानीभित्रको करिब ५० मिटर गहिराइमा भग्नावशेषमा एउटा शव देखिएको तर त्यसलाई अझै पानीबाहिर ल्याउन सकिएको छैन ।'

यसअघि कोस्ट गार्डले चार जना बेलायती, दुई जना अमेरिकी र एक जना क्यानेडियन नागरिक हराइरहेको बताएको थियो। कसको शव फेला परेको हो भन्ने बारे तत्काल केही खुल्न सकेको छैन ।

डुंगामा चालक दलका १० सदस्यसहित २२ जना सवार थिए। उद्धार गरिएकामध्ये आठ जनालाई अस्पताल भर्ना गरिएको छ ।

सन् २००८ मा इटालियन जहाज निर्माण कम्पनी पेरिनी नाभीले निर्माण गरेको सुविधासम्पन्न 'बेयसियन' डुंगा हो । 'बोट इन्टरनेसनल'को वेबसाइटका अनुसार यसमा ११.५१ मिटर लामो मास्ट हुन्छ र यसको गति प्रतिघण्टा १५.५ नटिकल माइलसम्म पुग्न सक्छ ।

# नोर्ड स्ट्रिम पाइपलाइन विस्फोटको अनुसन्धान गर्न आग्रह



**काठमाडौं/एजेन्सी–** रूसले नोर्ड स्ट्रिम पाइपलाइन विस्पोटको अनुसन्धान गर्न जर्मनीसँग अनुरोध गरेको रूसी विदेश मन्त्रालयका अधिकारीले सोमबार बताएका छन् । आतंकवादविरुद्धको लडाइँमा अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्न जर्मनीले वार्ताका लागि दबाब दिइरहेको रूसी विदेश मन्त्रालयका तेस्रो युरोपेली विभागका निर्देशक ओलेग टायपकिनले बताएका छन् ।

जर्मन अनुसन्धानको प्रगतिमा असन्तुष्टि व्यक्त गर्दै टायपकिनले जर्मन अधिकारीहरूले एक युक्रेनी नागरिकको गिरफ्तारीका लागि पक्राउ पूर्जी आदेश जारी गरेको बताएका छन्। उनले जर्मन मिडियाले आक्रमणमा व्यक्तिगतरूपमा काम गरेको देखिएको र तोडफोडको योजनाकार पहिचान नगरी अनुसन्धान बन्द हुनसक्ने चेतावनी दिएका छन् ।

रूसले यो अवस्थालाई स्वीकार नगर्ने दाबी गर्दै तापकिनले भने, 'मस्कोले जर्मनी र अन्य प्रभावित देशहरूसँग औपचारिक रूपमा उजुरी दर्ता गरी उनीहरूलाई राष्ट्रसंघको आतंकवाद विरोधी महासन्धि अन्तर्गत आफ्नो दायित्व पूरा गर्न आग्रह गरेको छ ।'

विद्यमान अन्तर्राष्ट्रिय कानुनअनुसार वार्ता खोजिरहेको बताउँदै भविष्यका कार्यहरू पश्चिमको प्रतिक्रियामा निर्भर हुने तापकिनले बताए । जर्मनीका सञ्चारमाध्यमले जानकारी अनुसार जर्मन अभियोजनले पाइपलाइन विस्फोटको सम्बन्धमा युक्रेनी नागरिकका लागि गिरफ्तारी वारेन्ट जारी गरेको हो । रिपोर्टले संदिग्धलाई किएभका गोताखोर भ्लादिमिर झुराभ्लेभका रूपमा पहिचान गरेको छ। उनलाई युक्रेनी एक दम्पतीले सहयोग गरेका थिए ।

सन् २०२२ सेप्टेम्बरमा, नोर्ड स्ट्रिम-१ र नोर्ड स्ट्रिम-२ प्राकृतिक ग्यास पाइपलाइनहरू विस्फोट हुदाँ स्विडेन र डेनमार्कमा समेत गम्भीर क्षति भएको थियो। रूस-युक्रेन द्वन्द्वलाई लिएर रूसमाथि पश्चिमा मुलुकहरूले लगाएको प्रतिबन्धका कारण नोर्ड स्ट्रिम २ सञ्चालनमा आउन सकेको छैन। प्रतिबन्धका कारण जर्मनीले रूसी प्राकृतिक ग्यासको आयात रोकेको छ र यसका कारण जर्मनीमा घरेलु ऊर्जाको मूल्यमा तीव्र वृद्धि भएको थियो ।

उक्त घटनालाई अन्तर्राष्ट्रिय आतंकवादी घटनाकारूपमा अनुसन्धान शुरु गरेको छ । रूसी प्रशासनिक केन्द्र क्रेमलिनका अनुसार रूसी महान्यायाधिवक्ताको कार्यालयले रूसले विस्फोटबारे पटकपटक जानकारी माग गरेको तर कुनै जवाफ पाउन नसकेको बताएको छ ।

**मूल्य सूची**

HK Traders Pvt. Ltd. द्वारा बिक्रि वितरण गरिदै आएको निम्न विवरणका मालबस्तुहरुको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाइ जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पैठारीकर्ताको नाम ठेगाना | स्थायी लेखा नम्बर | आयात निर्यात संकेत नम्बर | सामानको नाम | ब्राण्ड | मोडल | अधिकतम खुद्रा बिक्रि मूल्य (NPR) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | H.K. Traders Pvt. Ltd. | 602397339 | 6023973390102NP | HOOD | ROBAM | CXW-200-A851 | 29,747.25 | Made in China |
| | | | | | | CXW-220-A862 | 36,160 | |
| | | | | | | CXW-260-A675S | 70,060 | |
| | | | | | | CXW-260-76H1S -Black | 56,500 | |
| | | | | | | CXW-260-76H1S-White | 56,500 | |
| | | | | HOB | ROBAM | JZDY-9B79 | 32,770 | |
| | | | | | | JZY-B396 | 29,945 | |
| | | | | | | JZY-B398 | 29,945 | |
| | | | | | | JZY-G370 | 29,945 | |
| | | | | INDUCTION | ROBAM | CS34-W2985 | 39,663 | |
| | | | | OVEN | ROBAM | KZQC-40-CQ751 | 98,875 | |
| | | | | | | KQWS-2800-R312 | 70,060 | |

**H.K. Traders Pvt. Ltd.**
Maharajgunj, Kathmandu
Contact Number: 9851011494, 01-4517201

**कुवेत र युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: TLB FOODSTUFF GENERAL TRADING CO. (THE LOCAL BEET) शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/१०/२५ चलानी नं.: ६०१९६२६९ LT. No.: 280771 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Store Keeper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५२६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Butcher | 3 | 0 | | 100 | ४३८८० | | | | | | | |
| 3. | Chef De Partie | 3 | 3 | | 180 | ७८९८४ | | | | | | | |
| 4. | Commi | 0 | 2 | | 125 | ५४८५० | | | | | | | |
| 5. | Demi Chef Partie | 4 | 3 | | 140 | ६१४३२ | | | | | | | |
| 6. | Waiter | 1 | 0 | | 120 | ५२६५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।

कम्पनी: FOCUS SECURITY SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०२/०२ चलानी नं.: ६०२१९६२० L.T. No.: 304890 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 76 | 10 | स. काममा दक्ष | 2000 | ७२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ १३ गते (29 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | कुवेतको १०,००० युएईको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९००/०६७/०६८
**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

**कुवेतमा रोजगार** | कम्पनी: AL HANA UNITED GENERAL TRADING & CONTRACTING CO. W.L.L शहर: Kuwait
पूर्व स्वीकृत मिति:२०८१/०२/३१ चलानी नं.: ६०२२१११६ LT. No.: 306276 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 50 | सम्बन्धित काममा दक्ष | 120 | ५२,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 0 | 50 | | 140 | ६१,४३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ७ र ८ गते (23 & 24 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
**हेभन ओभरसिज प्रा. लि.**
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

**साउदीमा रोजगार** | कम्पनी: IHTIMAM LAND TRANSPORT COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०५/०२ चलानी नं.: ६०२२३७६२ L.T. No.: 308892

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६४२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Old Baneshwor-9, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

# बक्स अफिस समाचार



# 'कङ्गारु'मा स्वस्तिमा

फिल्म 'कङ्गारु'को मुख्य अभिनेत्रीमा स्वस्तिमा खड्का अनुबन्धित भएकी छन् । फिल्मका लागि निर्माण पक्षले सोमबार स्वस्तिमासँग कागजी सम्झौता गरेको हो । सम्राट बस्नेतको निर्देशनमा बन्न लागेको यो फिल्ममा यसअघि केदार घिमिरे 'माग्ने बुढा', जितु नेपाल र अर्पण थापा अनुबन्धित भइसकेका छन् । राजिव गुरुङ 'दीपक मनाङे'को प्रस्तुतिमा तयार हुने फिल्मको मुख्य भूमिकामा स्वस्तिमाको प्रवेशसँगै कलाकारहरुको लानअप बलियो बनेको छ ।

कागजी सम्झौता गरेसँग स्वस्तिमाले यो फिल्ममा काम गर्न पाउँदा आफू निकै उत्साही भएको बताएकी छन् ।

यसअघि फिल्म 'लाखे' निर्देशन गरेका बस्नेतले यो फिल्मलाई सस्पेन्स, थ्रीलर र कमेडी जनरामा निर्माण गर्न लागिएको बताए । नायिका फाइनल गरेसँगै अब केही महिनामै छायांकनमा जाने तयारी रहेको निर्देशक बस्नेतले जानकारी दिए । ३५ दिनको छायांकन सेड्युल तय गरिएको फिल्मको छायाँकन अष्ट्रेलीयाको सिड्नी, न्यूकासल, क्यानबेरालगायतका क्षेत्रमा गरिने उनको भनाइ छ ।

फिल्म 'कङ्गारु'मा केही फरक कथा भन्न मन लागेको निर्देशक बस्नेतको भनाइ छ । 'स्क्रिप्टमा मात्र दुई वर्ष समय लगाइयो, केही फरक कथा भन्न मन लागेको छ, कंगारुका लागि हामीले घोषणा गरेर पनि समय लगाएका छौं । यसपटक दर्शकले फरक स्वाद र फरक कथा हेर्न पाउनुहुनेछ,' उनले भने ।

यो फिल्म फुलमुन मोसन पिक्चर्स र उत्तरगया म्युजिक एन्ड फिल्मसँग एसजिटि प्रोडक्सन प्रालीको सहकार्यमा निर्माण हुन लागेको हो । फिल्ममा प्रेम थापा, धन बहादुर गुरुङ 'डिबी' र मनोज भण्डारी 'म्यक्स' निर्माताको रुपमा छन् ।

फिल्मको सह-निर्मातामा अन्जन दुरा र लक्ष्मी राई छन् भने कार्यकारी निर्माता टीका भण्डारी हुन् । फिल्मको लाइन प्रोड्यूसरमा सविन ज्ञावली (अष्ट्रेलिया) रहेका छन् । फिल्म निर्माणमा लक्ष्मी ज्वेलर्स यूकेले पनि सहकार्य गरेको छ ।

फिल्ममा सीमा गुरुङको कथा रहेका छ । फिल्मका छायाँकार सुशन प्रजापति हुन् । फिल्मका प्रोडक्सन डिजाइनर दिलीप पन्त छन् ।

# 'गाईजात्रा'मा दर्शक हसाउँदै हास्य कलाकार




**काठमाडौं / मस–** हास्य-व्यंग्यको पर्व 'गाईजात्रा'लाई लक्षित गर्दै यससम्बन्धी सामग्री बजारमा आउने क्रम शुरु भएको छ । काठमाडौंको कमलादीस्थित प्रज्ञा प्रतिष्ठान र जमलस्थित नाचघरमा दुई समूहले दर्शकलाई मनोरञ्जन दिईरहेका छन् ।

पुरानासँगै नयाँ पुस्ताका कलाकारले भरिएको कार्यक्रम भदौ १० गतेसम्म चल्ने जनाइएको छ । गाईजात्रामा विद्यमान राजनीतिक, सामाजिक तथा आर्थिक विकृति र विसंगतिमाथि व्यंग्य प्रहार गरेर कलाकारले आफ्नो प्रस्तुति दिने गरेका छन् ।

विसं २०६१ देखि हरेक वर्ष गाईजात्राको प्रस्तुति दर्शकसामू पस्किरहेका 'जोगिन्दर' उपनामले परिचित हास्य कलाकार शिवशंकर रिजालले आफ्ना लागि पर्व शुरु भएको बताए । उनले भने, 'मैले कलाकारिता गरेदेखि गाईजात्रामा सहभागिता जनाउनुका साथै यससम्बन्धी प्रस्तुति ल्याइरहेको छु । वर्षभर भएका विकृतिलाई व्यंग्य गर्नु र सचेत गराउनु हाम्रो कर्म र धर्म दुवै हो ।'

यसपटक उनले नाचघरमा आफ्नो प्रस्तुति दिइरहेका छन् । उनीसँगै सीताराम कट्टेल, कुञ्जना घिमिरे, सुरेन्द्र केसी, राजा राजेन्द्र लगायतका कलाकारको समूहले दर्शकलाई मनोरञ्जन दिइरहेका छन् ।

कलाकार दीपकराज गिरी चलचित्र निर्माणमा आबद्ध भएदेखि गाईजात्राका प्रहसनमा सहभागी भएका छैनन् । उनीसहित केदार घिमिरे, जीतु नेपाल यसपटक कुनै समूहसँग जोडिएका छैनन् ।

राजनीतिक घटनाक्रम, सामाजिक विकृति विसंगतिदेखि, फेसन र ग्ल्यामरसम्मका विकृतिलाई व्यंग्य गर्ने पर्वमा यसपटक हास्य कलाकार किरण केसीले पनि प्रस्तुति ल्याएका छैनन् । उनी केही समय अगाडि 'मह जात्रा'मा सहभागी भए । यसपटक तिहारको समयमा आफूसहित मह सञ्चारको प्रस्तुतिको तयारी गरिरहेको उनले जानकारी दिए ।

'अहिले दुई समूहले दर्शकलाई मनोरञ्जन दिनुभएको छ । मसहित मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य लगायतले कार्यक्रम गरेनौं । हामीले आफ्नो प्रसहनलाई मह जात्रामार्फत दर्शकसम्म लग्नेछौं,' उनले भने ।

विसं २०६० ताका अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र प्रज्ञाप्रतिष्ठानमा एकै समयमा प्रहसन गरेको पनि उनलाई स्मरण छ । 'उक्त समयमा एउटा कार्यक्रम सक्ने बितिकै अर्को पुग्ने गर्थे । हामीलाई दर्शकले प्रत्यक्ष हेरेर लिने मनोरञ्जन अनि हामीले उहाँहरुको हाँसो देखेर पाउने सन्तुष्टीलाई शब्दमा व्यक्त गर्न सक्दिन । अहिले नयाँ पुस्ताले यसलाई अगाडि बढाउनुभएको छ,' हास्य कलाकार केसीले भने ।

विशेषगरी नेवार समुदायले मनाउने गाईजात्रा पर्वले परम्परागत, धार्मिक र सांस्कृतिक विशेषता बोकेको छ । गाईजात्रामा वर्षभरिको शोक र दुःख भुलाउन हास्य व्यंग्य प्रस्तुत गर्ने परम्परा छ । यसवर्ष भदौ ४ गते गाईजात्रा पर्व परेको छ ।

## UAE मा रोजगार |

कम्पनी: BURJ MUWALIH TECHNICAL SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८१/०५/०२ चलानी नं.: ६०२२३७६४ LT. No.: 309124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer Building Worker | 17 | 0 | स. काममा दक्ष | 800 | २९,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt Lic No.: 842/066/067

**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
Tokha -05, Kathmandu Nepal, Tel: 01- 5910923
E-mail : kpintloverseas@gmail.com

## साउदीमा रोजगारको अवसर |

कम्पनी : NAIF AL MOISHEER HOLDING CO.LTD.
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०८१/०५/०२ चलानी नं.: ६०२२३७६६ LT. No.:309146

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

## यूएईमा रोजगार |

कम्पनी : PROFILE RECRUITMENT-SOLE PROPRIETORSHIP LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०१/३० चलानी नं.: ६०२१९४१६ LT. No.:304469 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUILDING LABOURER | 250 | 0 | स. काममा दक्ष | 800 | २९,१९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1381/074/075

**Kangaroo Human Resources Pvt. Ltd.**
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4465882, 4465885
Mob.: 9801090371, 9801854401, 9801122569, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com

## KUWAIT मा रोजगार |

कम्पनी : AL-MUHALLAB CONTRACTING AND TRADING CO
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०३/१७ चलानी नं.: ६०२०४१०६ LT. No.: 288811 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plaster Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 115 | ५०४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Office Girl | 0 | 3 | | 90 | ३९४९२ | | | | | | |
| 3. | Light Vehicle Driver | 5 | 0 | | 140 | ६१४३२ | | | | | | |
| 4. | Electricians | 35 | 0 | | 115 | ५०४६२ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले ब्यहोर्ने | रु. १,५००/- कामदारले ब्यहोर्ने | रु. १०,०००/- कामदारले ब्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ६३५/०६३/०६४

**खगोल ओभरसिज प्रा. लि.**
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोनः०१–५२४४०४६, ०१–५२४४७४७, ०१–५२४४४४८
Mobile: 9801022869,9801022872,9801022873.
Email: info@khagoloverseas.com.np, khagoloverseas@gmail.com . //Website: www.khagoloverseas.com.np

## Chhathar Jorpati Rural Municipality

## Office Of The Rural Municipal Executive

**Jorpati, Dhankuta**

**Koshi Province**

## Invitation for Bids

**Date of publication: 2081/05/04(2024-Aug-20)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites electronic bids only from eligible bidders for the following Work under contracts under National Competitive Bidding-Single Stage Two Envelope Bidding procedures.

| S.N. | Contract ID & Description | Average Annual Turnover of the Best 3 years within the last 10 years (NRS) | Minimum work Experience of Similar size and nature | Bid Security | Bid Document fee | Bid Opening |
|---|---|---|---|---|---|---|
| 1. | 02/CJRMUN/NCB/081/082 Asphalt Concrete work along Trisule Hattikharka Road(II) | 3,93,00,000/- | 1,06,00,000/- | 7,00,000/- | 5000/- | 2081/06/04 (2024-Sep-20) |

2. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .
3. Bidder who submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.
   **Name of the Bank : Nabil Bank Ltd. Sindhuwa, Dhankuta.**
   **Name of Office : Chhathar Jorpati Rural Municipality, Jorpati, Dhankuta.**
   **Office Account Name and No. : Antarik Rajaswa Khata- 20901017500044(14249- अन्य दस्तुर)**
4. Bid security amount deposited at Name and A/C No. **Dharauti Khata 20901017500025** on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Lt Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all bids without assigning reason whatsoever before the contract, Similarly, the contract signing shall take place after the approval of the Master Procurement Plan (MPP) of the project from the concerned authority
7. After the completion of evaluation of technical bids, all the technically substantially responsive bidders will be invited to attend the opening of price bids. The time,date and place of opening of price bid shall be notified in writing and/or by publishing notice
8. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

## महिला भलिबल खेलाडीसँग प्रधानमन्त्रीले भने–

# ‘कभर्डहल हामी बनाउँछौं’



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले रक्षाबन्धनको बिहानीका करिब दुई घण्टा राष्ट्रिय महिल भलिबल टिमसँग व्यतित गरेका छन् । प्रधानमन्त्री ओली, खेल प्रशिक्षक एवम् खेलाडीबीच यस खेलले हालसम्म हासिल गरेका उपलब्धि, थप पूर्वाधार विकास र आगामी अन्तर्राष्ट्रिय खेलमा नेपालको विजय कसरी सुनिश्चित गर्ने भन्ने विषयमा छलफल केन्द्रित थियो ।

प्रधानमन्त्री निवास, बालुवाटारमा ब्रेकफास्टसँगै मुलुकको कार्यकारी प्रमुखसँग सम्भवतः पहिलो पटक यस प्रकारको भलाकुसारी गर्ने अवसरले आफूहरुलाई उत्साहित तुल्याएको खेल नेतृत्वकर्ता, प्रशिक्षक र खेलाडीहरुले बताएका थिए । प्रधानमन्त्री ओलीसँगको छलफलमा सो टिमका मुख्य प्रशिक्षक जगदीश भट्ट, कप्तान अरुणा शाही, नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र चन्द, खेलाडी सरस्वती चौधरीलगायत सहभागी थिए ।

प्रधानमन्त्री ओलीले दुई साताअघि सम्पन्न ‘काभा वुमन्स नेसन्स भलिबल प्रतियोगिता’ हेर्न आफूले चाहे पनि मन्त्रिपरिषद्को आकस्मिक बैठकका कारण जान नसकेको अवगत गराउँदै खेलाडीका प्रगति, चाहना र मागबारे आफू जानकार रहेको सुनाए । प्रधानमन्त्री ओलीले प्रतियोगिताका उपविजेता खेलाडीलाई नेपाल सरकारले जनही रु तीन लाख दिने निर्णय गरेको जानकारी गराएका थिए भने खेलाडीले त्यसका लागि आभार व्यक्त गरेका थिए ।

उनले यस क्षेत्रको मागअनुसार अन्तर्राष्ट्रियस्तरको कभर्ड हल बनाउने संकल्प गरे । ‘तपाईंहरुलाई थाहा छ कि सरकारको ढुकुटीमा धेरै रकम छैन तर हामी गर्नैपर्ने कामहरु गर्नेछौं । आगामी खेलमा जित्छौं जुन तपाईंहरुको मनोबल छ, त्यो साकार होस् ।’ प्रधानमन्त्री ओलीले भने, ‘हामीले खेल खेल्ने भनेकै जित्नका लागि हो, त्यसकारण राम्रो ध्यान दिएर जित्छु भन्ने आशा बोकेर लाग्नुस् । सफलता पक्कै मिल्नेछ ।’

प्रधानमन्त्री ओलीले गत महिना नेपालमा रहेका रसियाली महिला भलिबल खेलाडीले आफूसँगको भेटमा नेपाली टिमको प्रशंसा गरेको स्मरण गर्दै विश्वस्तरका खेलाडीबाट भएको प्रशंसाभित्र नेपाली टिमको सम्भावना लुकेको बताए ।

# नेपाल प्रिमियर लिग मंसिर १५ देखि

NEPAL PREMIER LEAGUE

**काठमाडौं/मस–** नेपाल क्रिकेट संघ (क्यान)को आयोजनामा हुने नेपाल प्रिमियर लिगको मिति र लोगो सार्वजनिक भएको छ । क्यानले सोमबार एक कार्यक्रमका बीच प्रिमियर लिगको लोगोसहित मिति सार्वजनिक गरेको हो ।

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले प्रतियोगिताको मिति र लोगो सार्वजनिक गरेका हुन् । क्यानका अनुसार प्रतियोगिता मंसिर १५ गतेदेखि शुरु हुनेछ भने पुस ६ गतेसम्म चल्नेछ । राष्ट्रिय खेदकुद परिषद् (राखेप)का सदस्य सचिव टंकलाल घिमिङले प्रतियोगितामा आउने विदेशी खेलाडीहरुलाई सहयोग गर्न छुट्टै डेस्क राख्ने प्रतिबद्धता जनाएका छन् । क्यानका सचिव पारस खड्काले घरेलु क्रिकेटको नयाँ युगको शुरुवात हुने विश्वास व्यक्त गरे । उनले लिगले नेपाली क्रिकेटको व्यवसायिकतामा नयाँ आयाम थप्ने विश्वास व्यक्त गर्दै लिगमा सहभागिताका लागि चासो देखाउने सबैलाई धन्यवाद दिए ।

## साफ च्याम्पियनसिपमा भारत विजयी

**काठमाडौं/मस–** साविक विजेता भारतले साफ यु-२० च्याम्पियनसिपमा भुटानलाई पराजित गर्दै प्रतियोगितामा सुखद शुरुवात गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा आज भएको खेलमा भारतले भुटानमाथि १-० को जित हासिल गर्दै प्रतियोगितामा सुखद शुरुवात गरेको हो ।

भारतका लागि मोनिरूल मोल्लले गोल गरे । उनले खेलको ३७औं मिनेटमा गरेको एक गोल नै भारतको लागि निर्णायक गोल सावित भयो । प्रतियोगिताअन्तर्गत मंगलबार बंगलादेशले श्रीलंकासँग खेल्नेछ ।

## अन्तरकलेज इनडोर क्रिकेटमा ३२ टिम

**काठमाडौं/मस–** प्रथम उपत्यकाव्यापी अन्तरकलेज इनडोर क्रिकेट प्रतियोगिता भदौ ५ गतेदेखि ८ गतेसम्म काठमाडौंको चुनिखेलमा हुने भएको छ । बुढानीलकण्ठ नगरपालिका - १३ चुनिखेलमा अवस्थित रोयल स्पोर्ट्स पार्क खेल मैदानमा बुधबारदेखि प्रतियोगिता शुरु हुन लागेको हो । हाइपिटि इभेन्टले पहिलो पटक आयोजना गरेको खेल तीन दिनसम्म चल्नेछ ।

हाइपिटि इभेन्टले एक पत्रकार सम्मेलनको आयोजना गरी उक्त प्रतियोगिताको घोषणा गरेको हो । पत्रकार सम्मेलनमा २८ कलेजका कप्तानहरू सहभागी भएका थिए । सहभागी कप्तानहरुलाई कार्यक्रमको नियमबारे जानकारी गराइ आधिकारिक टाइसिट पनि सार्वजनिक गरिएको थियो । खेल नकआउट चरणमा खेलाइने छ । बुधवारबाट चुनिखेलस्थित रोयल स्पोर्ट्स पार्कमा बिहान ८ बजे देखि संचालन हुने खेलमा पहिलो खेल जुन लुम्बिनी र एभिएसबीच हुनेछ । भदौ ५ देखि ८ गतेसम्म हुने प्रतियोगितामा ३२ वटा कलेज सहभागी भएका छन् । आउटडोर क्रिकेट प्रतियोगितामा सहभागी हुन अवसर नपाएका विद्यार्थीहरु र उनीहरु भित्र लुकेर बसेको प्रतिभालाई प्रस्फुटन गर्ने उद्देश्यले खेल आयोजना गरिएको र खेलको माध्यमबाट विद्यार्थीहरुलाई अगाडि बढाउन र राष्ट्र निर्माणमा सघाउ पुऱ्याउन साथै सामाजिक उत्तर दायित्व अन्तर्गत, राष्ट्रको गहना निर्माण गर्ने उद्देश्यले इनडोर क्रिकेट टुर्नामेन्ट आयोजना गरिएको आयोजक हाइपिटि इभेन्टको भनाइ छ । आयोजक हाइपिटि इभेन्टका अनुसार क्रिकेट प्रतियोगितामा विजेता प्रथम हुने टिमले ५० हजार नगद र उपविजेता हुने टिमले ३० हजार नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

## भुल सुधार

मिति २०८१/०४/१८ गते मध्यन्ह राष्ट्रिय दैनिक पत्रिकामा ३० दिने यस दुहवी नगरपालिकाको आ.व.२०८१/८२ को नदिजन्य पदार्थ उत्खनन सम्बन्धी बोलपत्र आव्हानको प्रकाशित सूचनाको बुढा नं.१ मा शिलबन्दी बोलपत्र साथ रु.१० को टिकट टासी आफूले कबोल गरेको ठेक अंकको ५% धरौटी वापतको र कम दुहवी नगरपालिकाको बैंकमा रहेको धरौटी खाता नं.१०८२०५८४९९३७८००५ मा जम्मा गरेको भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट जारी गरिएको कम्तिमा ९० दिने म्याद रहेको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ भनिएको मा अन्यथा उल्लेख भएकोले भुल सुधार गरिएको व्यहोरा सर्वसाधरणका लागि जानकारी गराईन्छ ।


## साउदीमा रोजगारको अवसर

कम्पनी: ADVANCED PATHWAYS LOGISTICS SERVICES COMPANY
शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०८१/०५/०२ चलानी नं.: ६०२२३७६७ L.T. No.: 309126

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | स. काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८१ भदौ ११ गते (27 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

